शान्तिपूर्ण जनक्रान्तिका उपलब्धिहरूलाई संस्थागत गरौं,
जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समृद्ध नेपाल निर्माण गरौं !!

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को

# नवौं राष्ट्रिय महाधिवेशन

(२०७१ असार १९–साउन १) बाट पारित

# सङ्गठनात्मक प्रस्ताव

| | | |
|---|---|---|
| पुस्तकको नाम | : | सङ्गठनात्मक प्रस्ताव |
| प्रकाशक | : | नेकपा (एमाले) केन्द्रीय सचिवालय |
| संस्करण | : | पहिलो |
| मुद्रित प्रति | : | १० हजार |
| मिति | : | भदौ २०७१ |
| मूल्य | : | रु.३०/- |
| ले-आउट डिजाइन | : | महेन्द्र श्रेष्ठ, किरण माली<br>एम एस माउस, पुतलीसडक |
| मुद्रक | : | नवयुग छापाखाना, मदननगर, बल्खु |

## विषयसूची

| | | |
|---|---|---|
| (क) | विषय प्रवेश | ५ |
| (ख) | पार्टी निर्माणका वर्गीय र वैचारिक आधारहरू | ७ |
| (ग) | पार्टीको सङ्गठनात्मक सिद्धान्त | ११ |
| (घ) | पार्टी जीवनको लोकतान्त्रिकरण | १५ |
| (ङ) | वर्तमान अवस्थामा पार्टीको सङ्गठनात्मक स्थिति | २३ |
| (च) | पार्टी निर्माणमा देखिएका समस्याहरू | २६ |
| (छ) | परिवर्तित सन्दर्भमा पार्टी निर्माण र सङ्गठन व्यवस्थापन | ४० |
| (ज) | निष्कर्ष | ५५ |

## (क) विषय प्रवेश

१. यतिबेला हामीहरू शान्तिपूर्ण जनक्रान्तिका उपलब्धिहरूलाई संस्थागत एवं सुदृढ गर्ने र सामाजिक-आर्थिक-सांस्कृतिक रूपान्तरणलाई तीव्र पार्दै जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समृद्ध नेपाल निर्माण गर्ने प्रक्रियामा छौं । जनताको बहुदलीय जनवादी व्यवस्थालाई सुदृढ गर्दै समाजवादका आधार सुनिश्चित गर्नेतर्फ अघि बढिरहेका छौं । उपरोक्त अभिभारा पूरा गर्नका लागि आवश्यक पर्ने दुईवटा अनिवार्य पूर्वशर्त हुन्- यस प्रक्रियालाई समग्र मार्गदर्शन गर्ने क्रान्तिकारी सिद्धान्त र त्यसलाई व्यवहारमा लागू गर्न तथा त्यसको आलोकमा क्रान्तिलाई अगुवाई गर्न सक्ने पार्टीको सुदृढ संरचना ।

२. नेपाली सर्वहारा श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधिको रूपमा नेकपा (एमाले) ले क्रान्तिलाई वैचारिक-राजनीतिक नेतृत्व प्रदान गरिरहेको छ । मार्क्सवाद- लेनिनवाद र  जनताको बहुदलीय जनवादले पार्टीको मार्गदर्शक सिद्धान्तकारूपमा यस क्रान्तिकारी प्रक्रियालाई दिशानिर्देश गरिरहेका छन् । सामन्तवाद- साम्राज्यवाद विरोधी नयाँखाले पूँजीवादी जनवादी क्रान्तिको कार्यक्रमका रूपमा पार्टीको पाँचौ राष्ट्रिय महाधिवेशनबाट पारित जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको मौलिक कार्यक्रम पनि हो । जनताको बहुदलीय जनवादका सिद्धान्त, नीति तथा कार्यक्रमहरूले नेपालको राष्ट्रिय राजनीतिलाई नै दिशानिर्देश गर्ने सामर्थ्य राख्दछन् । २०४६ को परिवर्तनबाट पूर्ण सन्तुष्ट भई यथास्थितिवादमा फँस्न पुगेको नेपाली कांग्रेसलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको बाटोमा ल्याउन र बहुदलीय प्रजातन्त्र तथा २०४६

*हाम्रो मुलुकको विशिष्ट सन्दर्भमा जनताको बहुदलीय जनवादी सिद्धान्त र यसका आधारमा विकास गरिएका कार्यक्रम, कार्यदिशा र नीतिहरू पार्टी निर्माणका सैद्धान्तिक आधार हुन् ।*

सालको परिवर्तनका उपलब्धिलाई सम्पूर्ण रूपमा अस्वीकार गरी हिंसात्मक बाटोको माध्यमवाट सम्पूर्ण सत्ता कब्जा गर्ने उग्रवामपन्थी बाटोमा हिडिरहेको नेकपा (माओवादी) लाई शान्ति प्रक्रिया र लोकतन्त्रको दिशामा फर्काउन जनताको बहुदलीय जनवादको भूमिका अत्यन्त महत्वपूर्ण रह्यो । शान्तिपूर्ण जनक्रान्तिको सफलताबाट 'शान्तिपूर्ण बाटो र लोकतान्त्रिक विधिबाट नेपाली समाजको प्रगतिशील रूपान्तरण गर्ने सिद्धान्त जनताको बहुदलीय जनवाद हो' भन्ने सैद्धान्तिक मान्यताको पुनःपुष्टि भएको छ । जनताको बहुदलीय जनवादका नीतिहरूले नै २०६२/६३ को ऐतिहासिक जनआन्दोलनलाई राजनीतिक क्रान्तिको रूपमा अगाडि बढाउन दिशानिर्देश गर्ने काम गरे । यसैको परिणामस्वरूप मुलुकमा सामन्ती राजतन्त्र अन्त्य भएर सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । शान्ति प्रक्रियाका आधारभूत कामहरू सम्पन्न हुने दिशामा छन् र मुलुकलाई राजनीतिक स्थायित्व, दिगो शान्ति, लोकतन्त्र र समृद्धिको दिशामा अगाडि बढाउने आधारहरू निर्माण भएका छन् ।

३. पहिलो संविधानसभामा प्रतिकूल शक्ति सन्तुलन निर्माण भएको र नीति अनुरूपको नेतृत्व नभएका कारणले संविधानसभा असफल भएको निष्कर्षका साथ हाम्रो पार्टी *'एमालेको नीतिः एमालेकै नेतृत्व'* भन्ने नाराका साथ दोश्रो संविधानसभाको निर्वाचनमा केन्द्रित भएको थियो । अनेकौं प्रतिकूलताबीच सम्पन्न निर्वाचनबाट आज नेकपा (एमाले) राष्ट्रिय राजनीतिको महत्वपूर्ण र निर्णायक शक्तिका रूपमा स्थापित हुन सफल भएको छ । यद्यपि, मूलतः आफै भित्रका कतिपय व्यवस्थापकीय कमजोरीका कारण संविधानसभाको निर्वाचनवाट हाम्रो पार्टी पहिलो शक्ति बन्ने स्थितिबाट बञ्चित भएको छ । तर पनि पार्टीले अगाडि सारेको उक्त नारा तथा पार्टीका महत्वपूर्ण एजेण्डा जनताबाट अनुमोदित भएका छन् । मुलुक उक्त क्रान्तिका उपलब्धिहरूलाई

संविधानसभाका माध्यमबाट संस्थागत गर्ने दिशामा अग्रसर बनिरहेका बेलामा जनताको बहुदलीय जनवादको नीति तथा कार्यक्रमहरूको मार्गदर्शनमा मुलुकलाई सामाजिक-आर्थिक रूपान्तरण र अग्रगामी परिवर्तनको दिशामा अघि बढाउनु आवश्यक छ। त्यसका लागि जनताको बहुदलीय जनवादको प्रयोग र विकासका दुई दशकका अनुभवहरूको जगमा उभिएर पार्टीको सङ्गठनात्मक जीवनलाई समेत पुनर्व्यवस्थित गर्नु जरुरी छ। मूलतः राजनीतिक अधिकार प्राप्तिको आन्दोलनमा अगुवाई गर्ने हिसाबले निर्माण र सञ्चालन भइरहेको पार्टीको वर्तमान संरचना र तदनुरूपकै अभ्यासबाट दीक्षित विद्यमान सङ्गठनात्मक प्रणालीलाई अब परिवर्तित सन्दर्भ र बदलिएको राजनीतिक कार्यभार अनुरूप रूपान्तरित गर्नु पर्दछ। लोकतान्त्रिक आन्दोलन र राजनीतिक क्रान्तिको अग्रणी शक्तिका रूपमा रहेको पार्टी अब राष्ट्र समृद्धिको नेतृत्वदायी संयन्त्र बन्न चाहन्छ। यही परिवर्तित कार्यदिशा अनुकूल पार्टीको नवौँ महाधिवेशनबाट पार्टीको सङ्गठनात्मक जीवनलाई रूपान्तरित, व्यवस्थित र सुदृढ गर्ने योजना सहित निम्नानुसारको सङ्गठनात्मक प्रस्ताव तयार गरिएको छ।

## (ख) पार्टी निर्माणका वर्गीय र वैचारिक आधारहरू

१. राजनीतिक पार्टीहरू वर्गीय समाजका उत्पादन र निश्चित वर्गका राजनीतिक प्रतिनिधिहरू हुन्। वर्ग या वर्गीय समूहका आंशिक हितको प्रतिनिधित्व अन्य संस्थाहरूले पनि गर्न सक्छन्। तर राज्यसत्तामा प्रतिनिधित्व या वर्चस्व कायम नहुञ्जेल सम्बन्धित वर्गको समग्र हितको रक्षा या उद्देश्य पूरा हुन नसक्ने हुनाले त्यस प्रयोजनका लागि राजनीतिक पार्टी अपरिहार्य हुन्छ।

२. कम्युनिष्ट पार्टी सर्वहारा श्रमजीवी वर्गको सर्वोच्च हितको रक्षाका लागि गठित अग्रणी प्रतिनिधि संस्था हो। सामाजिक परिवर्तनका लागि यसले निम्न पूँजीपति, मध्यम वर्ग र राष्ट्रिय पूँजीपति वर्गका हितको समेत प्रतिनिधित्व गर्छ। तर श्रमजीवी वर्गको प्रतिनिधिका रूपमा त्यस वर्गप्रतिको पक्षधरता र निष्ठामा यसले कहिल्यै सम्झौता गर्न सक्दैन। त्यसरी नै, शक्ति सन्तुलनका सीमा र आन्दोलनको माग अनुसार यसले आवश्यक कार्यनीतिक लचकता अपनाउँछ, विभिन्न सहमति/सम्झौता पनि गर्छ र बिषयगत

*हरेक मुलुकका सामाजिक संरचना, वर्ग सम्बन्ध र सङ्घर्षका आफ्नै विशिष्ट स्तर हुन्छन् । तदनुकूल नै कम्युनिष्ट पार्टी निर्माणका आफ्नै विशिष्ट ढाँचा र प्रणालीहरू तय हुन्छन् ।*

आधारमा पूँजीपति वर्गका राजनीतिक प्रतिनिधिसँग सहकार्य पनि गर्छ । तर पनि कम्युनिष्ट पार्टी क्रान्तिकारी चरित्र, सामाजिक परिवर्तनको उद्देश्य र समाजवाद तथा साम्यवादको लक्ष्यबाट कहिल्यै विचलित हुन सक्दैन । शान्तिपूर्ण परिवर्तन, लोकतान्त्रिक प्रतिस्पर्धा र आवधिक निर्वाचनबाट श्रेष्ठता हासिल गर्ने बाटोबाट अगाडि बढिरहेको आजको परिप्रेक्ष्यमा कम्युनिष्ट पार्टीको यस वर्ग पक्षधरताप्रति विशेष जोड दिनु आवश्यक छ ।

३. उत्पादन पद्धतिमा आएको तीव्र परिवर्तन र यसले समाजको वर्ग संरचनामा समेत पारेको गहिरो प्रभावका कारण श्रमजीवी वर्गको परिभाषा समेत फराकिलो र परिस्कृत बन्दै गएको छ । शारीरिक श्रम गर्नेहरू मात्रै होइन, मानसिक या वौद्धिक श्रम गरेर जीविकोपार्जन गर्नेहरू समेत श्रमजीवी वर्गको वृहत्तर परिभाषाभित्र समेटिएका छन् । कम्युनिष्ट पार्टीले आफ्नो सङ्गठनात्मक संरचनाभित्र दुबै खाले श्रम गर्ने श्रमजीवीहरूलाई आबद्ध गर्दै आफ्नो वर्गाधारलाई अझ सुदृढ र विस्तारित गर्नुपर्छ ।

४. क्रान्तिकारी सिद्धान्तबिना क्रान्तिकारी आन्दोलन संभव हुँदैन । त्यस्तो आन्दोलनबिना सामाजिक परिवर्तन पनि संभव हुँदैन । तसर्थ एउटा कम्युनिष्ट पार्टीका लागि क्रान्तिकारी सिद्धान्त, कार्यक्रम र नीति सर्वाधिक महत्वपूर्ण पक्ष हो । मार्क्सवाद-लेनिनवाद संसारभरिका श्रमजीवी वर्गको मुक्तिको सिद्धान्त हो, जसले समाजवादी क्रान्तिलाई मात्र होइन, सामाजिक मुक्ति र राष्ट्रिय स्वतन्त्रताको आन्दोलनलाई समेत मार्गदर्शन गर्दछ । मार्क्सवादका सर्वव्यापी सच्चाइहरूलाई आफ्नो मुलुकको परिस्थितिमा सिर्जनात्मक ढङ्गले प्रयोग गर्दै विकास गरिएका क्रान्तिका विशिष्ट सिद्धान्त, कार्यक्रम र नीतिहरू सम्बन्धित मुलुकमा पार्टी निर्माणका आधारहरू हुन् । हाम्रो मुलुकको विशिष्ट सन्दर्भमा जनताको बहुदलीय जनवादी सिद्धान्त र

यसका आधारमा विकास गरिएका कार्यक्रम, कार्यदिशा र नीतिहरू पार्टी निर्माणका सैद्धान्तिक आधार हुन् । कम्युनिष्ट पार्टी निर्माणको सार पक्ष यसले अवलम्बन गर्ने विचार र सिद्धान्त हुन् ।

५. क्रान्ति या सामाजिक परिवर्तनका लागि सही सिद्धान्त, विचार या नीतिमात्रै पर्याप्त हुँदैनन् । तिनीहरू व्यवहारमा आबद्ध भएपछि मात्रै भौतिक शक्तिमा रूपान्तरित हुन्छन् र तिनले प्रगतिशील उत्पादक शक्तिको मुक्तिका लागि ढोका खोलिदिन्छन्, राष्ट्रको मुक्तिका लागि अगुवाइ गर्न सक्छन् । त्यसैले परिवर्तनका लागि सही क्रान्तिकारी सिद्धान्तको प्रतिपादन गरिसकेपछि यसको व्यवहारिक कार्यान्वयनको पक्ष महत्वपूर्ण हुन्छ । सिद्धान्त कार्यान्वयनको यही अभिभारा कम्युनिष्ट पार्टीले पूरा गर्छ । जनता नै परिवर्तनका मुख्य संवाहक र निर्णायक शक्ति हुन् । तर जनताभित्र रहेको त्यो परिवर्तनकारी सामर्थ्यको उद्घाटनका लागि उनीहरूलाई जागृत, सङ्गठित र आन्दोलित गर्न अग्रणी राजनीतिक संयन्त्र आवश्यक पर्छ । कम्युनिष्ट पार्टीले आफ्नो पहलकदमी र क्रियाशीलतामार्फत् जनताको त्यो परिवर्तनकारी शक्तिलाई उत्प्रेरित गर्छ ।

६. कम्युनिष्ट पार्टी निर्माणका मूलतः पाँच आयामहरू छन् : पहिलो, पार्टीको मार्गदर्शक सिद्धान्त, कार्यक्रम र कार्यदिशाको मार्गदर्शन, बुझाइमा एकरूपता र तिनबाट सञ्चालित हुने साझा सङ्कल्प । दोस्रो, त्यो कार्यदिशा र कार्यक्रमिक लक्ष्य पूरा गर्न समयानुकूल निर्धारण गरिएको चुस्त सङ्गठनात्मक ढाँचा । तेस्रो, पार्टीको विधानले तय गरे अनुरूप पार्टीका विभिन्न तह र सङ्गठनको परिभाषित अन्तरसम्बन्ध, नेतृत्व, कमिटी र कार्यकर्ताबीच दायित्व र जिम्मेवारी बाँडफाँड र तिनको व्यवस्थित परिचालन । चौथो, श्रमजीवी वर्ग र आफूले हित प्रतिनिधित्व गर्ने अन्य वर्गहरूका आकाङ्क्षा परिपूर्ति गर्न पार्टीले सञ्चालन गर्ने आन्दोलन, सङ्घर्ष, विकास निर्माण लगायतका रचनात्मक अभियान र आवधिक निर्वाचनका माध्यमबाट अभिव्यक्त हुने जनसम्बन्ध । यिनका माध्यमबाट पार्टी र पार्टी नीतिहरूले जनअनुमोदन प्राप्त गर्छन्, त्रुटि भए परिमार्जन र सुधारको अवसर हासिल हुन्छ र पार्टीको वर्गाधारलाई फराकिलो पार्दै निरन्तर उर्जाशील बनाइरहन्छ । पाँचौं, कार्यशैली र आचरण, जसका माध्यमबाट पार्टीप्रति जनताको आकर्षण, विश्वास र भरोसा विस्तारित र सुदृढ हुन्छ ।

*जनवादी केन्द्रीयताको व्यवहारिक प्रयोग निर्णय प्रक्रियामा जनवाद प्रभावी हुन्छ र निर्णय कार्यान्वयनको प्रक्रियामा केन्द्रीयता प्रभावी हुन्छ भन्ने हो । जनवादी केन्द्रीयताको यही सङ्गठनात्मक सिद्धान्तलाई कम्युनिष्ट तथा श्रमिक पार्टीहरूले पार्टी निर्माण र सञ्चालनको मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गर्दै अगाडि बढिरहेका छन् ।*

७. पार्टी निर्माणको प्रश्न आफैमा विशिष्ट बिषय हो र यो गतिशील प्रक्रिया पनि हो । हरेक मुलुकका सामाजिक संरचना, वर्ग सम्बन्ध र सङ्घर्षका आफ्नै विशिष्ट स्तर हुन्छन् । तदनुकूल नै कम्युनिष्ट पार्टी निर्माणका आफ्नै विशिष्ट ढाँचा र प्रणालीहरू तय हुन्छन् । पार्टी निर्माणका अन्तर्राष्ट्रिय अनुभवबाट धेरै कुरा सिक्न या प्रेरणा लिन सकिन्छ । पार्टी निर्माणका विश्वव्यापी अभ्यासमा केही आधारभूत प्रश्नमा समानता पनि पाउन सकिन्छ । तर पनि पार्टी निर्माणलाई सम्बन्धित मुलुकको विशिष्ट स्थितिले तय गर्छ । पार्टी निर्माणको प्रश्न स्थिर, अपरिवर्तनीय या जड बिषय पनि होइन । आन्दोलनको परिवर्तित परिस्थिति र पार्टीले तय गरेको राजनीतिक कार्यदिशाले पार्टी निर्माणको प्रश्नलाई निरन्तर प्रभावित पारिरहेका हुन्छन् ।

८. जनताको बहुदलीय जनवादको वैचारिक मार्गदर्शनमा शान्तिपूर्ण बाटोबाट अगाडि बढेको नेपालको पुँजिवादी जनवादी राजनीतिक क्रान्ति श्रमजीवी र पूँजीपति वर्गको संयुक्त नेतृत्वमा सम्पन्न हुन गइरहेको मौलिक ढङ्गको क्रान्ति हो । यो राजनीतिक क्रान्ति युरोपको जस्तो परम्परागत पुरानो पुँजिवादी क्रान्ति पनि होइन र चीन लगायत मुलुकमा कम्युनिष्ट पार्टीको एकल नेतृत्वमा भए जस्तो नयाँ जनवादी क्रान्ति पनि होइन । आन्दोलनमा दुबै वर्गको संयुक्त नेतृत्व रहेको र परिवर्तित शक्ति सन्तुलनमा दुबै शक्तिको समान हैसियतमा रहेको उपस्थितिले हाम्रो क्रान्तिको मौलिकता, जटिलता र सीमालाई तय गरेको छ । प्रतिस्पर्धामा श्रेष्ठता हासिल गरेर मात्रै श्रमजीवी वर्गले क्रान्तिका उपलब्धिको रक्षा गर्न सक्छ, सामाजिक-आर्थिक रूपान्तरणलाई सही दिशा दिन र जनवादी व्यवस्थालाई सुदृढ गर्दै समाजवादतिर डोऱ्याउन सक्छ । अन्यथा वुर्जुवा वर्ग हावी हुँदै आन्दोलनका उपलब्धि धरापमा पर्न सक्ने र समाज नवउदारवादी, एकाधिकार पुँजिवादी बाटोमा अगाडि बढ्ने चुनौती पनि विद्यमान छन् । संभावना र चुनौतीको

यही विशिष्ट स्थितिले आजको हाम्रो पार्टी निर्माणको दिशालाई निर्धारित गरेका छन् ।

## (ग) पार्टीको सङ्गठनात्मक सिद्धान्त

१. मार्क्स र एङ्गेल्सले आफ्नो सम्पूर्ण जीवन सर्वहारा श्रमजीवी वर्गको मुक्तिका सिद्धान्त र नीति निर्माण गर्ने काममा समर्पण गर्नुभयो । उहाँहरूको जीवनकालमा कम्युनिष्ट लिग, अन्तर्राष्ट्रिय श्रमजीवी सङ्घ (प्रथम अन्तर्राष्ट्रिय) र जर्मन सामाजिक जनवादी पार्टी जस्ता सङ्गठनहरूको निर्माण भए पनि त्यति बेलासम्म पार्टी निर्माण र सञ्चालनका सम्बन्धमा सिद्धान्तहरूको व्यवस्थित विकास हुनसकेको थिएन । लेनिनले रुसी सामाजिक जनवादी पार्टी निर्माण गर्नुभयो र मेन्सेविकहरूसँग विचारधारात्मक संघर्ष गर्दै पार्टी निर्माणको सिद्धान्त प्रतिपादन गर्नुभयो । यो जनवाद र केन्द्रीयताको सन्तुलनको सिद्धान्त हो । त्यसैले यसलाई जनवादी केन्द्रीयताको सिद्धान्त भनिन्छ । मार्क्सवादी विश्व दृष्टिकोण, श्रमजीवी वर्ग पक्षधरता तथा समाजको आमूल परिवर्तन गर्ने मान्यता यस सिद्धान्तको सार हो । व्यक्ति सङ्गठनको मातहत हुन्छ, अल्पमत बहुमतको मातहत हुन्छ, तल्लो कमिटी माथिल्लो कमिटीको मातहत हुन्छ, सबै तल्ला कमिटी केन्द्रीय कमिटीका मातहत हुन्छन् र केन्द्रीय कमिटी र केन्द्रीय निकाय राष्ट्रिय महाधिवेशनको मातहत हुन्छन् अनि महाधिवेशन पार्टी सदस्यहरूको मातहत हुन्छ भन्ने मान्यता यसको रूप पक्ष हो । यो रूप पक्ष जनवाद र केन्द्रीयताको सन्तुलनको सिद्धान्त लागू गर्ने पद्धति पनि हो ।

कम्युनिष्ट पार्टीको वर्गाधार श्रमजीवी वर्ग हो । त्यो वर्ग आफै सचेत नभएको हुनाले त्यसलाई माथिबाट योजनाबद्ध ढङ्गले सङ्गठित गर्नुपर्छ भन्ने उद्देश्यका साथ अगाडि सारिएको लेनिनवादी सङ्गठनात्मक सिद्धान्तको सार पक्षलाई विचारधारात्मक केन्द्रीयता भनिन्छ । यस विचारधारात्मक केन्द्रीयताको आधारमा सङ्गठन निर्माणको योजना पनि केन्द्रीकृत ढङ्गले लागू गर्नुपर्दछ भनेर मानिन्छ र यस मान्यतालाई सङ्गठनात्मक केन्द्रीयता भनिन्छ । जनवादी केन्द्रीयताको व्यवहारिक प्रयोग निर्णय प्रक्रियामा जनवाद प्रभावी हुन्छ र निर्णय कार्यान्वयनको प्रक्रियामा केन्द्रीयता प्रभावी हुन्छ भन्ने

*परिस्थितिमा आएका ठूला परिवर्तनसँगै आज सङ्घर्षका हिंसात्मक रूपहरू असान्दर्भिक बन्दै गएका छन् । बन्दुकको बलमा सत्ता कब्जा या नियन्त्रणका प्रयत्नहरू असफल बनिरहेका छन् । व्यापक जनआन्दोलन तथा जनसमर्थनको बलमा शान्तिपूर्ण जनविद्रोहद्वारा परिवर्तनका नयाँ सम्भावना विकसित भइरहेका छन् ।*

हो । जनवादी केन्द्रीयताको यही सङ्गठनात्मक सिद्धान्तलाई कम्युनिष्ट तथा श्रमिक पार्टीहरूले पार्टी निर्माण र सञ्चालनको मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गर्दै अगाडि बढिरहेका छन् । यहाँसम्म कि, लेनिन र लेनिनवादको विरोध गर्ने वुर्जुवा पार्टीहरूले समेत सङ्गठनात्मक बिषयमा कुनै न कुनै हिसाबले त्यस सिद्धान्तको अनुशरण गरिरहेका छन् ।

२. लेनिनद्वारा ती मान्यताहरू अगाडि सारिए यताको सय वर्ष भन्दा बढी समयावधिमा विश्वमा ठूला परिवर्तनहरू भएका छन् । क्रान्ति र प्रतिक्रान्तिका अनेकौं परिघटनाहरूले सिद्धान्त र नीतिलाई मात्रै होइन, पार्टी निर्माण र सञ्चालनका अनेकौं क्षेत्रहरूलाई प्रभावित गरेका छन् । यस बीच विकसित सामाजिक-आर्थिक सम्बन्धहरू, नयाँ वर्ग संरचना र वर्गीय अन्तरसम्बन्धहरू, विकसित भएका या हुँदै गरेका नयाँ सङ्गठन र संस्थाहरू, राज्यको नयाँ भूमिका आदिले पार्टीको भूमिकालाई समेत नयाँ ढङ्गले विकसित र परिभाषित गर्नुपर्ने अवस्था सिर्जना गरेको छ । विश्व झन्-झन् खुकुलिंदै र बहुलवादी बन्दै गइरहेको, झनै अन्तरसम्बन्धित बनिरहेको, विज्ञान र प्रविधिको अकल्पनीय विकास भइरहेको र सूचना प्रविधिका क्षेत्रमा भएको अभूतपूर्व प्रगतिले मानवीय सम्बन्धका अन्य पक्षहरूलाई जस्तै पार्टी निर्माण र सञ्चालनका विभिन्न आयामलाई प्रभावित गरिरहेका छन् । लोकतान्त्रिकरणको नयाँ लहर विकसित भएको छ र यसले पार्टीहरूको आन्तरिक जीवन तथा समाजका अन्य अङ्गसँग उनीहरूको अन्तरसम्बन्धलाई प्रभावित गरिरहेको छ । अब पार्टीलाई सीमित दायरामा खुम्च्याइराख्नु या यससँग सम्बन्धित सवालहरूलाई पार्टीको निजी मामला भनेर सीमित राख्नु सम्भव छैन । तसर्थ अब हामीले पार्टीका नीति, सिद्धान्त र सङ्गठनात्मक सिद्धान्तहरूलाई गएको सय बर्षको परिवर्तित विश्व सन्दर्भसँग गाँसेर समयानुकूल विकास, परिमार्जन र परिवर्तन गर्नु

जरुरी भएको छ । हामीले जनवादी केन्द्रीयताको सिद्धान्तका सार पक्षलाई त्याग्न सक्दैनौं, त्यसका रूप पक्षमा भने समयानुकूल विकास, परिवर्तन र परिमार्जन गरिरहनु पर्छ ।

३. विश्व कम्युनिष्ट आन्दोलनले आफ्नो अधिकांश समय युद्धकालीन अवस्थामा गुजार्नु पऱ्यो । शक्ति सन्तुलनको हिसाबले साम्राज्यवादी पूँजीवादी शक्तिहरू निकै बलियो अवस्थामा हुनु, पार्टी स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता र सार्विक मताधिकार जस्ता न्यूनतम पूँजीवादी अधिकारहरूको पनि अभाव हुनुले अधिकांश कम्युनिष्ट पार्टीहरू भूमिगत र प्रतिबन्धित अवस्थामा काम गर्न वाध्य भए । वैधानिक मञ्चको अभावमा अवैध र हिंसात्मक बाटोमार्फत् आन्दोलनलाई अगाडि बढाउनु पऱ्यो । क्रान्तिकालमा मात्र होइन, क्रान्ति-उत्तर समाजवाद निर्माणको कालमा पनि पार्टीले हरबखत युद्ध र आक्रमणको सन्त्रास झेल्नुपरेको हुनाले पार्टी निर्माण र सञ्चालनमा त्यसको प्रभाव पऱ्यो । यी सबै स्थितिले पार्टी सञ्चालनको बिषयलाई लोकतान्त्रिक होइन, अझ बढी केन्द्रीकृत र कठोर बनाउने स्थिति सिर्जना भयो । यसले पार्टीमा नोकरशाहीपन संस्थागत हुँदै गयो ।  स्तालिनकालमा पार्टी निर्माणको  फौजी ढाँचा, असहमतहरू माथिको दमन, चिनियाँ सांस्कृतिक क्रान्ति र त्यस क्रममा भएको भिन्न मतप्रतिको असहिष्णुता आदिमा हामीले पार्टी निर्माणमा परेका युद्धकालीन प्रभाव तथा पार्टी सञ्चालनमा अप्रजातान्त्रिक तौर तरिकालाई  देख्न सक्छौं । यस क्रममा कम्युनिष्ट आन्दोलनले गम्भीर क्षति व्यहोर्नु पऱ्यो, उदात्त मानवीय मूल्यको जगमा खडा भएको कम्युनिष्ट आन्दोलनले अपमान र बदनामी भोग्नु पऱ्यो । जनवादी केन्द्रीयतालाई द्वन्द्ववादी र रचनात्मक ढङ्गले आत्मसात गर्न नसक्दा कतै यसलाई केन्द्रीयताका नाममा नोकरशाहीमा स्खलित गरिएको र कतै यसलाई जनवादका नाममा अराजकतामा रूपान्तरित गरिएको जस्ता प्रशस्त घटनाहरू देखिए ।

४. परिस्थितिमा आएका ठूला परिवर्तनसँगै आज सङ्घर्षका हिंसात्मक रूपहरू असान्दर्भिक बन्दै गएका छन् । बन्दुकको बलमा सत्ता कब्जा या नियन्त्रणका प्रयत्नहरू असफल बनिरहेका छन् । व्यापक जनआन्दोलन तथा जनसमर्थनको बलमा शान्तिपूर्ण जनविद्रोहद्वारा परिवर्तनका नयाँ सम्भावना विकसित भइरहेका छन् । लोकतान्त्रिकरणको विश्वव्यापी प्रभावका कारण कम्युनिष्ट पार्टीसामु लामो समयसम्म वैधानिक, शान्तिपूर्ण र लोकअभिमतको

*पार्टीमा अधिकारसम्पन्न नियन्त्रण र सन्तुलनकारी संरचनाको निर्माण गर्नुपर्दछ । विचारको विविधताबीच सङ्गठनात्मक एकता कायम गर्ने र पार्टीका सबै सदस्यहरू शृङ्खलाबद्ध कमिटी प्रणालीमा आबद्ध भई आफ्नो अधिकारको प्रयोग र कर्तव्यको पालना गर्ने पद्धति स्थापित गर्नुपर्दछ ।*

आधारमा काम गर्ने या परिवर्तनकारी भूमिका खेल्ने सम्भावना बढेर गएका छन् । विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा हुँदाहुँदै पनि वैधानिक र प्रजातान्त्रिक ढङ्गले काम गरिरहेका कम्युनिष्ट तथा श्रमिक पार्टीहरूको पक्षमा विश्वव्यापी रूपमा समर्थन प्राप्त हुन सक्ने सम्भावना प्रकट भएका छन् । त्यसैले आज पार्टी निर्माण र सञ्चालनका युद्धकालीन मान्यता खण्डित हुनपुगेका छन् र पार्टीलाई लोकतान्त्रिक ढङ्गले निर्माण र सञ्चालन गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखापरेको छ । हामीले पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा विगतमा अवलम्बन गर्दै आएको लेनिनवादी सङ्गठनात्मक सिद्धान्तमा समयानुकूल विकास गर्नु पर्दछ । यसलाई नयाँ उचाइबाट संश्लेषण गर्दै सिर्जनात्मक ढङ्गले कार्यान्वयन गर्नुपर्दछ । आफ्नो मुलुकको विशेषता अनुरूपका लोकतान्त्रिक विधिहरू विकसित गर्नुपर्दछ । पार्टीमा अधिकारसम्पन्न नियन्त्रण र सन्तुलनकारी संरचनाको निर्माण गर्नुपर्दछ । विचारको विविधताबीच सङ्गठनात्मक एकता कायम गर्ने र पार्टीका सबै सदस्यहरू शृङ्खलाबद्ध कमिटी प्रणालीमा आबद्ध भई आफ्नो अधिकारको प्रयोग र कर्तव्यको पालना गर्ने पद्धति स्थापित गर्नुपर्दछ । पार्टीको नीति निर्माण र नेतृत्व चयनमा सबै सदस्यहरूको भूमिका रहने लोकतान्त्रिक विधिलाई अझ व्यवस्थित र उन्नत बनाउनु पर्दछ । पार्टी कमिटीहरू आफ्ना निर्वाचकहरूप्रति उत्तरदायी हुने व्यवस्थालाई थप प्रभावकारी बनाउनु पर्दछ ।

## (घ) पार्टी जीवनको लोकतान्त्रिकरण

१. मार्क्सवादको मार्गदर्शन, विश्व कम्युनिष्ट आन्दोलनका शिक्षा र नेपाली कम्युनिष्ट आन्दोलनका अनुभवहरूका आधारमा नेकपा (एमाले)ले नेपाली क्रान्तिको मौलिक कार्यक्रमको रूपमा जनताको बहुदलीय जनवादको प्रतिपादन गऱ्यो । छैटौं राष्ट्रिय महाधिवेशनले जबजलाई नेपाली क्रान्तिको सिद्धान्तको रूपमा स्थापित गऱ्यो र आठौं महाधिवेशनले यसका सैद्धान्तिक पक्षहरूको सविस्तार व्याख्या गर्ने काम गऱ्यो । जनताको बहुदलीय जनवाद मार्क्सवादको सिर्जनात्मक प्रयोगको उपज हो, नेपाली क्रान्तिको ठोस व्यवहारमा विकसित मार्क्सवाद हो र यो नेपाली क्रान्तिलाई दिशानिर्देश गर्ने सिद्धान्त पनि हो । यसले नेपाली क्रान्तिका सैद्धान्तिक र नीतिगत प्रश्नहरूको आधारभूतरूपमा समाधान गरेको छ। जनताको बहुदलीय जनवादले जनवादी राज्यसत्ताको लोकतान्त्रिकरण, आन्दोलनको लोकतान्त्रिकरण, पार्टीको लोकतान्त्रिकरण र समग्र कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरण सम्बन्धी मान्यतालाई दिशानिर्देश गरेको छ ।

२. हाम्रो पार्टी लेनिनवादी सङ्गठनात्मक सिद्धान्तलाई सिर्जनात्मक ढङ्गले आत्मसात् गर्दै र पार्टी निर्माणसम्बन्धी जनताको बहुदलीय जनवादको दृष्टिकोणका आधारमा आफ्नै विशिष्ट सङ्गठनात्मक अभ्यासबाट समृद्ध बनाउँदै अघि बढिरहेको छ। हामीहरू जनवादी केन्द्रीयताका आधारमा सङ्गठन निर्माण गदै र लेनिनवादी सङ्गठनात्मक सिद्धान्तका आधारमा पार्टी सङ्गठनलाई परिचालन गर्दै अघि बढिरहेका छौं। तर त्यसको प्रयोग भने, हाम्रो आफ्नै विशिष्ट अनुभव र अभ्यासमा आधारित रहेर सिर्जनात्मक रूपमा गरिरहेका छौं । नेपालको कम्युनिष्ट आन्दोलनले सुरुदेखि नै लोकतान्त्रिक मूल्यमान्यता र विधि अवलम्बन गर्दै आएको छ। यस सन्दर्भमा हामीले पछिल्लो समयमा सेवा, सङ्घर्ष, प्रतिस्पर्धा र पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने नीतिका आधारमा सङ्गठनात्मक जीवनलाई व्यवस्थित गर्ने कोशिस गरिरहेका छौं । पार्टी भूमिगत रहेको अवस्थामा पनि हाम्रो पार्टीले खुला र वैधानिक फोरमहरू निर्माण गरेर पार्टीको कामलाई अघि बढाउने कोशिस गरेका थियौं। जनवर्गीय सङ्गठनका अतिरिक्त

*... हाम्रो सङ्गठनात्मक जीवन भने मूलतः पहिलेदेखि नै स्थापित सङ्गठनात्मक प्रणाली र अभ्यासहरूमा आधारित रह्यो । खुला र प्रतिस्पर्धात्मक राजनीतिमा प्रवेश गरेपछि विशिष्ट परिस्थितिले सिर्जना गरेका नयाँ कामहरू बाहेक अधिकांश सङ्गठनात्मक गतिविधिहरू पूर्ववत् नै रहे ।*

'प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्च' र 'जनपक्ष'का नाममा समेत पार्टीले आफ्नो राजनीतिक गतिविधि जनता समक्ष पुराउने नीति अलम्वन गरेको थियो । यसरी सञ्चालन गरिएका खुला राजनीतिक गतिविधि र चुनावको उपयोगको नीतिले पञ्चायती निरंकुशताका विरुद्धको आन्दोलनलाई सशक्त र निर्णायक बनाउन महत्वपूर्ण भूमिका खेलेका थिए। २०४६ सालको ऐतिहासिक जनआन्दोलनको विकास र सफलतामा हाम्रो पार्टीले अवलम्बन गरेका सामयिक नीतिको महत्वपूर्ण योगदान रहेको थियो ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलनको सफलतापछि पार्टीलाई भूमिगत अवस्थावाट खुल्ला राजनीतिमा अवतरण गर्ने कुरा सङ्गठनात्मक जीवनको अत्यन्त महत्वपूर्ण घटना थियो। त्यतिवेला पार्टीलाई खुला गर्ने नीति अवलम्बन नगरिएको भए सम्भवत: हामीसँग न 'जनताको बहुदलीय जनवाद'को सिद्धान्त नै हुने थियो न त पार्टी राष्ट्रिय राजनीतिको यति महत्वपूर्ण शक्तिका रूपमा नै स्थापित हुनसक्ने थियो। तर पनि सङ्गठनात्मक जीवनका प्रचलित अभ्यास र मान्यताहरूलाई परिवर्तित राजनीतिक कार्यदिशा अनुरूप रूपान्तरित गर्ने कुरा पार्टी जीवनमा सदैव असहज विषय बन्ने गरेका छन् । जनताको बहुदलीय जनवादको कार्यक्रमले पार्टी निर्माणका सन्दर्भमा नवीन मान्यताहरू आत्मसात् गरिसक्दा पनि तदनुरूपको सङ्गठनात्मक जीवनलाई व्यवस्थित गर्ने कुरामा लामो समय प्रतिक्षा गर्नुपर्ने स्थिति सिर्जना भयो, भइरहेको छ। पार्टीको आठौं राष्ट्रिय महाधिवेशनमा आएर पार्टीले विधिवत्रूपमा पार्टी जीवनको लोकतान्त्रिकरण सम्बन्धी प्रस्तावलाई अघि बढायो र तदनुरूपको सङ्गठनात्मक अभ्यास सुरु गऱ्यो । यतिबेला उक्त अभ्यासको पाँचवर्षका अनुभवहरूलाई समीक्षा गरी त्यसलाई पुन: व्यवस्थित गर्ने अवस्थामा हामी आइपुगेका छौं ।

३ कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणको नयाँ मान्यतालाई अघि बढाइरहँदा जबजले पार्टी निर्माणका सन्दर्भमा समेत नयाँ मान्यताहरू अघि सारेको छ। जनतामा आधारित कार्यकर्ता पार्टी निर्माण गर्ने स्पष्ट दिशा पार्टीले अवलम्बन गरेको छ। तर हाम्रो सङगठनात्मक जीवन भने मूलतः पहिलेदेखि नै स्थापित सङ्गठनात्मक प्रणाली र अभ्यासहरूमा आधारित रह्यो। खुला र प्रतिस्पर्धात्मक राजनीतिमा प्रवेश गरेपछि विशिष्ट परिस्थितिले सिर्जना गरेका नयाँ कामहरू बाहेक अधिकांश सङ्गठनात्मक गतिविधिहरू पूर्ववत् नै रहे। पार्टीले अवलम्बन गरेको राजनीतिक कार्यदिशाका आधारमा सङ्गठनात्मक जीवनलाई अघि बढाउने काम समयमै हुन सकेन। पार्टीको सातौं महाधिवेशनमा यस सन्दर्भमा छलफल र बहस भएपनि त्यसले मूर्तरूप पाउन सकेन। पार्टीको आठौं महाधिवेशनमा आइपुग्दा त्यस सन्दर्भमा व्यवस्थित छलफल र बहस संचालन गरियो र पार्टी सिद्धान्त अनुरूप सङ्गठनात्मक जीवनको लोकतान्त्रिकरणको प्रक्रिया अघि बढाउने काम भयो। पार्टी जीवनको लोकतान्त्रिकरण सम्बन्धी पार्टीले आत्मसात गरेका मूलभूत मान्यताहरूलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ :

- पार्टीका समग्र नीति तथा कार्यक्रमहरू लोकतान्त्रिक हुनु र लोकतान्त्रिक विधि र प्रक्रियाबाट उपरोक्त नीति तथा कार्यक्रमहरू तय गरिनु।
- पार्टी निरन्तर जनताबाट अनुमोदित भइरहनु र जनअनुमोदनको विधिसम्मत प्रणाली स्थापित गरिनु।
- पार्टीका नेता र कार्यकर्ताको जीवनशैली र आचरण पारदर्शी हुनु र जनतासँग घनिष्ट सम्वन्ध कायम हुने गरी जनशैली स्थापित गर्नु।
- पार्टीको सार्वभौमसत्ता पार्टी सदस्यहरूमा निहित रहनु। नीति, विधि र नेतृत्व निर्माणमा उनीहरूको अविच्छिन्न अधिकार स्थापित गरिनु।
- महाधिवेशनलाई नीति र नेतृत्व निर्माणको वास्तविक थलो बनाउने गरी तदनुरूप सबै तहमा नियमितरूपमा अधिवेशनहरूको आयोजना गरिनु।
- पार्टी महाधिवेशन तथा अधिवेशनका आयोजकहरू लगायत सबै प्रतिनिधि आ-आफ्नो कार्यक्षेत्र वा तोकिएको क्षेत्रबाट निर्वाचित भएर आउनुपर्ने व्यवस्था गरिनु।
- पार्टीभित्र सिर्जनात्मक सोंच, आलोचनात्मक चेतना र पहलकदमीलाई निरन्तर प्रोत्साहित गरिनु।

*नेकपा (एमाले) सङ्गठनात्मक रूपमा सबैभन्दा व्यवस्थित पार्टी हो । तर सेवा, सङ्घर्ष, प्रतिस्पर्धा र पहदकदमीका आधारमा नेतृत्व हासिल गर्ने र त्यसकै माध्यमबाट हरेक कामका क्षेत्रमा श्रेष्ठता हासिल गरी समाजको 'अग्रगामी विकास र रूपान्तरण'को अभिभारा पूरा गर्ने उद्देश्य बोकेको पार्टीका लागि अरुभन्दा व्यवस्थित भएर मात्र पुग्दैन ।*

- पार्टी सङ्गठन विधिसम्मत ढङ्गले सञ्चालित हुनु र आन्तरिक रूपमा बहसको जीवन्त प्रणाली कायम गरिनु ।
- पार्टीमा निर्धारित गुण तथा मापदण्डहरूको *'ग्यारेन्टी'* गर्दै पार्टी संरचना समावेशी बनाउनु ।
- पार्टीका सबै तह र अङ्गहरूमा नियन्त्रण र सन्तुलनको विधिसम्मत प्रणाली कायम गरिनु । यसका लागि सम्बन्धित तहको कमिटीलाई निर्देशित गर्ने अधिकारसहितका प्रतिनिधि परिषद्हरू व्यवस्था गर्नु ।
- पार्टीमा सामूहिक नेतृत्वको विकासका लागि बहुपदीय प्रणालीको व्यवस्था गर्नु ।
- पार्टी सामूहिक रूपमा र नेता तथा कार्यकर्ताहरू व्यक्तिगत रूपमा जवाफदेही हुनु ।
- नेतृत्व हस्तान्तरणको सहज प्रणाली स्थापित गर्नु ।
- पार्टीमा अनुगमन र मूल्याङ्कनको बैज्ञानिक परिपाटी स्थापित गरी उत्तरदायी र गुणस्तरयुक्त नेतृत्व विकास गर्नु ।

उपरोक्त मान्यतामा आधारित पार्टी जीवनको लोकतान्त्रिकरणको प्रक्रिया अघि बढेको ५ वर्ष पुरा भएको छ । यस अवधिमा उपरोक्त मान्यताहरूलाई कति गहिराइकासाथ आत्मसात गरी लागु गर्न सकियो र कतिपय मान्यताहरू लागू गर्ने क्रममा के-कस्ता सकारात्मक र नकारात्मक अनुभवहरू हासिल भए भन्ने कुराको लेखाजोखा गर्नु आवश्यक छ ।

४ नेपालका राजनीतिक दलहरू मध्येमा नेकपा (एमाले) सङ्गठनात्मक रूपमा सबैभन्दा व्यवस्थित पार्टी हो । तर सेवा, सङ्घर्ष, प्रतिस्पर्धा र पहदकदमीका आधारमा नेतृत्व हासिल गर्ने र त्यसकै माध्यमबाट हरेक कामका क्षेत्रमा श्रेष्ठता हासिल गरी समाजको 'अग्रगामी विकास र रूपान्तरण'को अभिभारा

पूरा गर्ने उद्देश्य बोकेको पार्टीका लागि अरुभन्दा व्यवस्थित भएर मात्र पुग्दैन। राज्यसत्ताको वैधानिक नेतृत्वमा पुग्ने र आफ्ना कार्यक्रमहरू सहज रूपमा लागु गर्ने सुनिश्चित स्थिति निर्माण गर्न सक्नुपर्दछ। २०५१ सालको मध्यावधि निर्वाचनमा प्रमुख पार्टी बन्ने अवसर प्राप्त गरेको भए पनि त्यसपछिका दिनहरूमा हाम्रो पार्टी संविधानसभा र संसदको निर्वाचनमा प्रमुख पार्टी बन्न सकेको छैन। २०५४ सालको स्थानीय निकायको निर्वाचनमा पार्टीले झण्डै दुई तिहाई स्थानमा विजय हासिल गरे पनि पार्टीमा विभाजन आएका कारण उक्त उपलब्धिलाई योजनावद्ध रूपमा सदुपयोग गर्न सकिएन। त्यसपछिका दिनहरूमा नेपालमा स्थानीय निकायको निर्वाचन नै हुन सकेको छैन। नीतिगत नेतृत्व स्थापित हुने गरी अघि बढ्न नसकिएको खण्डमा शान्तिपूर्ण र वैधानिक बाटोबाट क्रान्तिका बाँकी कार्यभारहरू पूरा गर्ने पार्टीको राजनीतिक कार्यदिशा सफल हुन सक्तैन। तसर्थ, हाम्रो पार्टीको ध्यान संविधानसभाबाट नयाँ संविधान जारी भएसँगै निर्माण हुने हरेक संरचनामा नीतिगत नेतृत्व कायम हुने गरी प्रतिस्पर्धामा विजय हासिल गर्न सक्ने गरी पार्टी सङ्गठनलाई व्यवस्थित गर्नु आवश्यक छ।

५ पार्टीको आठौं राष्ट्रिय महाधिवेशनले पार्टी जीवनको लोकतान्त्रिकरणको नयाँ मान्यतालाई अङ्गीकार गरेपछि आमरूपमा त्यसको सकारात्मक प्रभाव पार्टीभित्र र पार्टी बाहिर समेत परेको छ। पार्टीले अध्यक्ष सहितको बहुपदीय संरचना, सामुहिक नेतृत्वको प्रणाली, महाधिवेशनबाटै अध्यक्ष सहितका पदाधिकारीहरूका निर्वाचन जस्ता लोकतान्त्रिक विधि र प्रक्रियालाई अभ्यासमा ल्याएपछि नेपालका अन्य राजनीतिक दलहरूले पनि क्रमशः आफ्नो पार्टीभित्र तदनुरूपको अभ्यास आरम्भ गर्न खोजेको देखिन्छ। नेतृत्वको केन्द्रिकरणको पक्षमा रहेका दुबै माओवादी पार्टीहरूले समेत वहुपदीय संरचना अवलम्बन गर्न पुगेका छन्। 'सभापतीय प्रणाली'मा चलिरहेको नेपाली काङ्ग्रेसले समेत त्यसपछिका दिनहरूमा महाधिवेशनबाटै पदाधिकारी र सदस्यहरूको बहुसङ्ख्याको प्रत्यक्ष निर्वाचन गर्ने परिपाटीको सुरुवात गरेको छ। यसरी हाम्रो सङ्गठनात्मक जीवनले मुलुकका अन्य राजनीतिक दलहरूलाई समेत प्रभावित गरेको छ। यद्यपि यसमा हामी जसरी अगाडि बढेका छौं, अरु पनि त्यसरी नै अघि बढेका छन् भन्ने होइन। आठौं राष्ट्रिय महाधिवेशन पश्चात् सबै तहका कमिटीहरू आ-आफ्नो तहका अधिवेशनबाट सफलतापूर्वक

*हाम्रो आन्दोलनको सङ्गठनात्मक जीवनबाट दीक्षित भएका थुप्रै कार्यकर्ताहरूले समाजका अनेक क्षेत्रमा महत्वपूर्ण जिम्मेवारी सम्हालिरहेका छन् । उनीहरूले स्वतन्त्र रूपमा समेत हाम्रो पार्टीले अभ्यासमा ल्याएका सङ्गठनात्मक अभ्यासहरूलाई सिर्जनात्मक रूपमा आफ्नो कार्यक्षेत्रमा लागु गरिरहेका छन् ।*

नयाँ संरचनामा प्रवेश गरेका छन्। त्यसमध्ये अधिकांश कमिटीहरूले दुईवटा अधिवेशनहरूको सफल आयोजना गरेका छन्। आ-आफ्नो तहको अधिवेशनमा चुनिएर प्रतिनिधि हुने व्यवस्थालाई समेत तल्ला कमिटीहरूले सफलतापूर्वक कार्यान्वयन गरेका छन्। यसबाट पार्टीको आन्तरिक जीवन धेरै हदसम्म व्यवस्थित र संस्थागत बन्दै गएको छ।

६ पार्टीसम्बद्ध वर्गीय सङ्गठनहरूले सुरुदेखि नै वहुपदीय संरचना र लोकतान्त्रिक प्रतिस्पर्धाको विधि र प्रक्रियालाई अभ्यास गरिसकेका थिए। पार्टीको लोकतान्त्रिकरणको नयाँ मान्यताले त्यसलाई अझै विस्तार गर्ने कुरामा सहयोग पुगेको छ। यस बीचमा पार्टीका प्रमुख जनसङ्गठनहरू मजदुर (ट्रेड युनियन), महिला, किसान, विद्यार्थी, युवा, पत्रकार,साँस्कृतिक क्षेत्र, दलित (मुक्ति समाज), भूमिहिन-सुकुम्वासी, खेलकुद, बुद्धिजीवी, भूपू सैनिक तथा प्रहरी, अपाङ्गताको क्षेत्र, लोकतान्त्रिक जनजाति, मधेसी, मुस्लिम र प्रवासमा रहेका जनसङ्गठनहरूका समेत अधिवेशनहरू सम्पन्न भएका छन्। प्रायः सबै सङ्गठनहरूले लोकतान्त्रिक अभ्यासका आ-आफ्नै विधि र प्रक्रिया स्थापित गर्दै आएका छन्। युवा सङ्घ नेपाल, अनेरास्ववियु जस्ता जनसङ्गठनहरूले विधान अधिवेशन र नेतृत्व चयनको अधिवेशन अलग-अलग रूपमा सम्पन्न गरेका छन्। नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) को अधिवेशन आधुनिक प्रविधिको प्रयोग र व्यवस्थापनका दृष्टिले समेत निकै व्यवस्थित, उन्नत स्तरको र सफल रह्यो। एक अर्काका अनुभवहरूबाट सिक्दै आगामी दिनहरूमा जनसङ्गठनहरू भित्रको लोकतान्त्रिकरणको प्रक्रियालाई अझै व्यवस्थित बनाउन सकिने सम्भावना रहेको छ।

७ पार्टी सम्बद्ध जनसङ्गठनहरू बाहेक पनि निकै ठूलो सङ्ख्यामा विभिन्न प्रकृतिका सरोकारवाला सङ्गठनहरू रहेका छन्। पार्टीले त्यस्ता

सङ्गठनहरूमध्ये कतिपयलाई प्रत्यक्षरूपमा र कतिपयलाई परोक्षरूपमा नेतृत्व गर्दै आइरहेको छ। हाम्रो आन्दोलनको सङ्गठनात्मक जीवनबाट दीक्षित भएका थुप्रै कार्यकर्ताहरूले समाजका अनेक क्षेत्रमा महत्वपूर्ण जिम्मेवारी सम्हालिरहेका छन्। उनीहरूले स्वतन्त्र रूपमा समेत हाम्रो पार्टीले अभ्यासमा ल्याएका सङ्गठनात्मक अभ्यासहरूलाई सिर्जनात्मक रूपमा आफ्नो कार्यक्षेत्रमा लागु गरिरहेका छन्। यसरी हासिल भएका अनुभवहरूलाई समेत संश्लेषण गर्नसक्ने हो भने हाम्रो सङ्गठनात्मक जीवनलाई अझै ज्यादा व्यवस्थित बनाउन सकिन्छ।

८ पार्टीमा लोकतान्त्रिकरणको विधि र प्रक्रियालाई स्थापित गरिएपछि नेतृत्व विकासको प्रक्रियाले तिव्रता पाएको छ। प्रतिस्पर्धा र पहलकदमीका आधारमा नेतृत्वमा पुग्न सकिने वैधानिक व्यवस्थाबाट त्यस प्रकारको स्थिति सिर्जना हुनु स्वभाविक नै हो। तर पार्टीको लोकतान्त्रिकरण भनेकै अधिवेशन/सम्मेलनमा प्यानलगत प्रतिस्पर्धाको अर्थमा मात्रै बुझ्ने र त्यसका लागि जस्तासुकै विधि/उपाय/साधनहरूको प्रयोग/दुरूपयोग गर्ने प्रवृत्तिले विभिन्न बिकृतिहरू पनि निम्त्याउन थालेको छ। त्यस प्रकारको प्रतिस्पर्धाको क्रममा पार्टी कार्यकर्ताको ठूलो पङ्क्ति ठोस जिम्मेवारीबाट बाहिरिनु चुनौतीको बिषय बन्न थालेको छ। अनुभवी कार्यकर्ताहरू जिम्मेवारीबाट अलग हुँदै जाने कुराले जनतासँग पार्टीको सम्बन्ध स्थापित गर्ने कुरामा समेत नकारात्मक असर पर्न सक्छ। कामका पुराना क्षेत्रमा नयाँ कार्यकर्ताहरूको विकास गरेर त्यस क्षेत्रको कामलाई गति दिने कुरा स्वाभाविक नै भएपनि पुराना कार्यकर्ताहरू जिम्मेवारीबाट बाहिरिने कुरा गंभीर विषय हो। उक्त प्रकृतिको समस्या समाधानमा पार्टीको ध्यान गंभीररूपमा जानुको साथै त्यसको यथोचित व्यवस्थापन जरुरी छ। त्यसका लागि कामका नयाँ क्षेत्रहरू पहिचान गरी जिम्मेवारीमा नरहेका कार्यकर्तालाई ठोस जिम्मेवारी दिने नीति अलम्बन गरिनुपर्दछ। पार्टीले आर्थिक-सामाजिक विकास र रूपान्तरणको कामलाई पार्टी कामको मुख्य विषय बनाइरहेको अवस्थामा यस प्रकारको नीतिको महत्व अझै बढेर जानेछ।

९ पार्टी जीवनको लोकतान्त्रिकरण अन्तर्गत अघि सारिएका कतिपय सङ्गठनात्मक अभ्यासहरूलाई पार्टीले यथोचित महत्वका साथ अघि बढाउन सकेको छैन। पार्टीमा नियन्त्रण र सन्तुलनको प्रणालीलाई अनिवार्यतः स्थापित गर्नेगरी अघि बढाइएको प्रतिनिधि परिषद्को वैधानिक

*पार्टीको आठौं राष्ट्रिय महाधिवेशनमा पार्टीले अवलम्बन गरेको उन्नत लोकतान्त्रिक अभ्यासले हाम्रो पार्टीको प्रतिष्ठा माथि उठाउने कुरामा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो ।*

व्यवस्थालाई सबै तहमा समान रूपमा अघि बढाउन सकिएको छैन । 'जेष्ठ कम्युनिष्ट मञ्च' गठन गर्ने नीति अनुरूप विभिन्न कमरेडहरूलाई जिम्मेवारी दिने काम भएपनि त्यसको सङ्गठनात्मक भूमिका स्थापित गर्न सकिएको छैन । केन्द्रीय तहमा महाधिवेशनको सन्मुखमा आएर मात्र 'जेष्ठ कम्युनिष्ट मञ्च'को वैठकको आयोजना गर्ने काम भयो । स्थानिय तहमा पनि त्यस्तै प्रकृतिको समस्या रहेको छ । स्थानीय समुदायसँग पार्टी नेतृत्वलाई जोड्ने नीति अनुरूप 'सामुदायिक कम्युनिष्ट मञ्च' गठन गर्न सकिने नीति अवलम्बन गरिए पनि त्यसलाई अभ्यासमा लान सकिएन । पार्टी कमिटीभन्दा बाहिरको कामलाई पार्टी काम नमान्ने परम्परागत दृष्टिकोणले पनि त्यस प्रकारको समस्या उत्पन्न भएको हुनसक्छ । अर्कोतिर निर्वाचन क्षेत्रीय कमिटीलाई निर्वाचित र कार्यकारी कमिटीका रूपमा स्थापित गरिए पनि ती कमिटीहरूलाई प्राप्त जिम्मेवारी अनुरूप क्रियाशील र जवाफदेही बनाउन सकिएको छैन । आगामी दिनहरूमा पार्टीको उद्देश्यसँग मेल खाने र पार्टीले आवश्यक ठानेर वैधानिक प्रवन्ध गरेका क्षेत्रमा योजनावद्ध रूपमा विशेष अभियान संचालन गरेर अघि बढ्नु आवश्यक छ । स्थापित मान्यता र प्रचलित अभ्यासभन्दा बाहिर आउने कुरा निश्चय नै कठिन कुरा हो । तर आवश्यक ठानेर गर्ने भनिएको कामको कार्यान्वयनका सन्दर्भमा विधि र प्रक्रिया बनाएर मात्रै पुग्दो रहेनछ भन्ने हाम्रो विगत ५ वर्षको अनुभवको सार हो । यस्ता कुरामा पार्टी सुरुदेखि नै सचेत बन्नु आवश्यक छ ।

१० पार्टी जीवनको लोकतान्त्रिकरण पार्टी सिद्धान्त र कार्यक्रम अनुरूप सङ्गठनात्मक जीवनलाई पुनःव्यवस्थित गर्ने ऐतिहासिक महत्वको काम थियो । पार्टीको आठौं राष्ट्रिय महाधिवेशनमा पार्टीले अवलम्बन गरेको उन्नत लोकतान्त्रिक अभ्यासले हाम्रो पार्टीको प्रतिष्ठा माथि उठाउने कुरामा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । तर उन्नत प्रकारको लोकतान्त्रिक

अभ्यासका लागि तदनुरूपको लोकतान्त्रिक संस्कृतिको विकास गर्न नसक्दा त्यसका केही नकारात्मक असरहरू पनि प्रकट हुने गर्दछन् । पार्टी जीवनको लोकतान्त्रिकरणका सन्दर्भमा त्यससँग जोडिएर केही समस्याहरू पनि देखिएका छन् । पार्टीले त्यस प्रकारका समस्याहरू पहिचान गरी समयमै त्यसको समाधान गर्ने नीति अवलम्बन गर्नुपर्दछ ।

## (ङ) वर्तमान अवस्थामा पार्टीको सङ्गठनात्मक स्थिति

### १. केन्द्रीय निकायहरू

आठौं राष्ट्रिय महाधिवेशनबाट हामीले ११५ सदस्यीय केन्द्रीय कमिटी गठन गरेका थियौं । महाधिवेशनवाट निर्वाचित उपाध्यक्ष अशोक राई लगायत ६ जना सदस्यहरूले राज्यको पुनःसंरचना र सङ्घीयतासम्बन्धी पार्टीका नीतिहरूमा असहमति जनाउँदै र आफ्ना फरक विचारहरूलाई पार्टीमा छलफलको विषय बनाउन र फरक विचारकै कारणले पार्टी परित्याग नगर्नका लागि गरिएको अनुरोधलाई लत्याउदै पार्टी परित्याग गरेपछि पार्टीमा उपाध्यक्षसहित केही सदस्य पद रिक्त हुन पुग्यो । त्यति नै बेला पोलिटव्युरो सदस्य रामचन्द्र झा र उर्मिला अर्यालले पार्टी परित्याग गरी एनेकपा (माओवादी) पार्टीमा प्रवेश गरेपछि पार्टी केन्द्रीय कमिटीको सदस्य सङ्ख्या थप घट्न पुगेको थियो । यसबीचमा पार्टी केन्द्रीय सदस्य कमरेड महमुद आलमको हत्या, कमरेड डिल्लीबहादुर महतको निधन र रविन्द्र श्रेष्ठ अनुशासनको कारबाहीमा परेर निश्कासित भएको घटनाले पनि केन्द्रीय कमिटीमा केही पदहरू रिक्त भएको अवस्था थियो । केन्द्रीय कमिटीका विभिन्न बैठकहरूको निर्णयले रिक्त स्थानमा कमरेडहरूलाई मनोनयन गरेपछि हाल केन्द्रीय कमिटीको सदस्य सङ्ख्या ११६ पुगेको छ । यसै अवधिमा एनेकपा (माओवादी), नेकपा-माओवादी लगायतका अन्य दलहरूबाट केन्द्रीय तहका नेताहरूका साथै ठूलो संख्यामा नेता तथा कार्यकर्ताहरू हाम्रो पार्टीमा प्रवेश गर्नुभएको अवस्था छ । यतिबेला केन्द्रीय कमिटी अन्तरगत ३४ सदस्यीय पोलिटव्युरो र १२ सदस्यीय स्थायी समिति क्रियाशील छन् । १६ सदस्यीय केन्द्रीय अनुशासन आयोग, १५ सदस्यीय केन्द्रीय लेखा आयोग र महाधिवेशनको म्याण्डेट अनुरूप राष्ट्रिय प्रतिनिधि

*हाम्रो पार्टीसँग आबद्ध जनसङ्गठनहरू २१ वटा छन् । ती मध्ये कतिपय जनसङ्गठनको लामो इतिहास र पृष्ठभूमि रहेको छ । ... पार्टी सम्बद्ध जनसङ्गठनहरूलाई संयोजन गर्नका लागि 'मोर्चा सङ्गठन' गठन गरिएको छ । मोर्चा सङ्गठन समन्वयकारी संरचनाका रूपमा रहेको छ ।*

परिषद्वाट गठन भएको १३ सदस्यीय केन्द्रीय निर्वाचन आयोग क्रियाशील रहेका छन् । केन्द्रीय निकायका रूपमा 'राष्ट्रिय प्रतिनिधि परिषद्', ६८ सदस्यीय 'केन्द्रीय सल्लाहकार परिषद्' र २८ सदस्यीय 'जेष्ठ कम्युनिष्ट मञ्च' रहेका छन् ।

२. **स्थानीय कमिटीहरू**

केन्द्रीय कमिटी मातहत १६ वटा भौगोलिक क्षेत्रमा कार्यरत 'अञ्चल समन्वय कमिटी' रहेका छन् । राजधानीमा अस्थायी बसोबास गर्ने पार्टी सदस्य तथा समर्थकहरूको बीचमा काम गर्ने गरी अञ्चल समन्वय कमिटी सरहको 'सम्पर्क विशेष समन्वय कमिटी' छ । प्रवास क्षेत्रमा पार्टीको राजनीतिक-सांगठनिक कामलाई अघि बढाउन 'प्रवासी नेपाली मञ्च'हरू निर्माण गर्ने र तोकिएका मापदण्डहरू पूरा गर्दै 'समन्वय कमिटीहरू' निर्माण गर्ने निर्णय र योजना रहेका छन् । यतिबेला ७५ वटा भौगोलिक जिल्ला कमिटीहरू क्रियाशील रहेका छन् भने विभिन्न क्षेत्रमा गैरभौगोलिक स्तरका जिल्ला कमिटीहरू क्रियाशील रहेका छन् । २४० वटै निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र स्तरीय कमिटीहरू (एउटै निर्वाचन क्षेत्र भएका जिल्लाहरूमा इलाका कमिटीहरू रहने गरी) क्रियाशील छन् । जिल्ला र जिल्लास्तरका कमिटीहरू मातहत हजारौंको संख्यामा इलाका, गाउँ, नगर, शाखा कमिटीहरू क्रियाशील रहेका छन् ।

३. **सङ्गठित सदस्यता**

यतिवेला हाम्रो पार्टीमा २ लाख ५६ हजार संख्यामा संगठित सदस्य रहेका छन् । पार्टीको आठौं महाधिवेशनमा यो सङ्ख्या १ लाख ३८ हजार रहेको थियो । पाँच बर्षको बीचमा सङ्गठित सदस्यतामा भएको लगभग

शतप्रतिशतको यो विस्तार उत्साहजनक छ। पार्टी सदस्यको वैधानिक व्यवस्था गरिएको भए पनि त्यो सङ्गठित सदस्यता प्राप्त गर्ने सामान्य विधिका रूपमा सीमित छ। पार्टी सदस्यताको वैधानिक व्यवस्थाको महत्वलाई स्थापित गर्न र पार्टी कामको आधारका रूपमा त्यसको प्रयोग गर्न सकिएको छैन। पार्टीको सदस्यताका सन्दर्भमा रहेको यस प्रकारको समस्यालाई समाधान गरी एकरूपता कायम गर्नु आवश्यक देखिएको छ।

४. **जनसङ्गठनहरू**

हाम्रो पार्टीसँग आबद्ध जनसङ्गठनहरू २१ वटा छन्। ती मध्ये कतिपय जनसङ्गठनको लामो इतिहास र पृष्ठभूमि रहेको छ। कतिपय खुल्ला राजनीतिमा प्रवेश गरेपछि विस्तारित भएको कामका आधारमा निर्माण भएका छन्। पार्टी सम्बद्ध जनसङ्गठनहरूलाई संयोजन गर्नका लागि 'मोर्चा सङ्गठन' गठन गरिएको छ। मोर्चा सङ्गठन समन्वयकारी संरचनाका रूपमा रहेको छ। त्यसले खास-खास सन्दर्भमा पार्टीको निर्देशन अनुरूपका एकीकृत र समन्वयात्मक रूपमा अभियान र योजनाहरू सञ्चालन गर्ने लगायत अधिकांश रूपमा जनसङ्गठनका कामहरूलाई सहयोग पुऱ्याउन काम गरिरहेको छ। 'अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस', 'मे दिवस' जस्ता विशेष सन्दर्भहरू, जनसङ्गठनका अधिवेशनहरू र उनीहरूले आयोजना गरेका राष्ट्रिय महत्वका कार्यक्रमहरूमा एकले अर्कोलाई सहयोग गर्ने परिपाटीको सुरुवात गरिएको छ। पार्टी सम्बद्ध सङ्गठनहरूमध्ये महासंघका रूपमा रहेका अनेकिमहासङ्घ, ट्रेड युनियन महासङ्घ (जिफन्ट), राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, खेलकुद महासङ्घ, उद्योग व्यवसायी महासङ्घ र पेशागत महासङ्घ जस्ता सङ्गठनहरूमा आबद्ध विषयगत (घटक) सङ्गठनहरू पनि उल्लेख्य संख्यामा रहेका छन्। जनसङ्गठनहरूका सन्दर्भको पार्टी नीति र त्यहाँ उत्पन्न समस्या तथा पार्टीले अवलम्बन गर्ने नीतिका सन्दर्भमा अलग्गै चर्चा गरिने छ।

५. **सरोकारवाला, सामुदायिक र व्यवसायिक सङ्गठनहरू**

पार्टी सम्बद्ध जनसङ्गठन बाहेक पनि पार्टीका नेता र कार्यकर्ताहरूको सहभागितामा सञ्चालित सरोकारका सङ्गठनहरू उल्लेख्य सङ्ख्यामा रहेका छन्। पार्टीका नेताहरूका नाममा पार्टीको विभिन्न तहका कमिटीहरूको निर्णयका आधारमा खुलेका प्रतिष्ठानहरू पनि क्रियाशील रहेको अवस्था छ।

*कमिटीको आकार सानो बनाउँदा कार्यकर्ताको व्यवस्थापनमा समस्या उत्पन्न हुने र कार्यकर्ताको व्यवस्थापनलाई ध्यानमा राखेर ठूलो आकारका कमिटीहरू बनाउँदा सङ्गठनात्मक जीवनकै व्यवस्थापनमा समस्या पैदा हुने अवस्थाबाट हाम्रो सङ्गठनात्मक जीवन आक्रान्त छ ।*

पार्टीको प्रत्यक्ष र परोक्ष नेतृत्व र प्रभावमा रहेका सामुदायिक, व्यवसायिक र सामाजिक सङ्गठनहरू पनि उल्लेख्य संख्यामा रहेका छन् । सहकारी आन्दोलनमा पार्टी कार्यकर्ताहरूको सहभागिता उल्लेख्य बन्दै गएको छ । गैरसरकारी संघसंस्था र मानव अधिकारका क्षेत्रमा काम गर्ने संघ-संस्थाहरूमा पनि पार्टी समर्थक तथा कार्यकर्ताहरूको उल्लेख्य उपस्थिति रहेको छ । सामुदायिक वन, विद्यालय व्यवस्थापन र विभिन्न प्रकृतिका उपभोक्ता समितिहरूमा पनि उल्लेख्य संख्यामा पार्टी शक्ति सङ्लग्न छ । कामका नयाँ क्षेत्रहरूको पहिचान गरी अघि बढ्ने पार्टीको नीति रहेको अवस्थामा यस क्षेत्रको कामलाई पनि व्यवस्थित गरिनु पर्दछ । दिवंगत नेताहरूका नाममा खोलिएका प्रतिष्ठान र संस्थाहरू सञ्चालन गर्दा सम्बन्धित तहका पार्टी कमिटीहरूको योजना अनुरूप अगाडि बढ्ने र जानकारी तथा समन्वय कायम गर्ने प्रणाली स्थापित गर्नु आवश्यक छ । त्यस्ता संस्थाहरूलाई रचनात्मक कामको केन्द्र बनाउनु पर्दछ ।

## (च) पार्टी निर्माणमा देखिएका समस्याहरू

### १. विचारधारात्मक काममा सुस्तता

माथि नै हामीले उल्लेख गरिसकेका छौं- विचारधारा पार्टी निर्माणको सार पक्ष हो र सिद्धान्त, कार्यक्रम, नीति र कार्यदिशाप्रतिको बुझाइमा एकरूपता तथा तिनलाई कार्यान्वयन गर्ने सङ्कल्प नै पार्टी निर्माणको आधार हो । तर पछिल्लो समय पार्टीमा वैचारिक कामहरू तपसिलमा पर्दै गएका छन् । मार्क्सवाद-लेनिनवादका आम सच्चाइहरू, नेपाली क्रान्तिको मौलिक सिद्धान्त जनताको बहुदलीय जनवाद, नेपाली राजनीतिमा क्रियाशील विभिन्न

राजनीतिक चिन्तन-प्रवृत्तिहरू, समाजमा आइरहेका नयाँ परिवर्तन र तिनले हाम्रो आन्दोलनमा पारेका प्रभाव आदि बिषयमा गहन अध्ययन, अन्वेषण र विमर्श पातलिंदै गएको छ । सार्वजनिक सञ्चारमाध्यमबाट प्राप्त सूचनाका आधारमा धारणा निर्माण गर्ने, घटना प्रवृत्तिहरूका कार्य- कारण सम्बन्ध र तिनको अर्थ-राजनीतिक सन्दर्भलाई गहन अध्ययन नगर्ने र मनोगत विश्लेषणबाट निर्देशित हुने प्रवृत्तिले नीति निर्माण र निर्णय प्रक्रियालाई समेत नकारात्मक प्रभाव पार्ने गरेको छ । मार्क्सवादी दार्शनिक-राजनीतिक चेतनाको अभावमा कतिपय नेता-कार्यकर्ता तात्कालिक लाभहानीको मनोविज्ञानबाट निर्देशित हुने र आत्मकेन्द्रित भएर परिचालित हुने समस्या देखा परेको छ । पार्टीको बढ्दो साङ्गठनिक बिस्तारसँगै पार्टीमा वैचारिक कामलाई नयाँ उचाइमा उठाउनु पर्ने र पार्टी कमिटीमा या सार्वजनिक क्षेत्रमा नयाँ जिम्मेवारी दिंदा निश्चित वैचारिक स्तर पार गर्नै पर्ने मापदण्डलाई कडाइका साथ लागू गर्नु पर्ने टड्कारो आवश्यकता देखा परेको छ ।

२. **दुई खाले सदस्यता र पार्टी सदस्यहरूको गुणस्तर बृद्धिको समस्या**

पार्टी निर्माणको मुख्य भौतिक आधार भनेको यसको सदस्यताको विस्तार र गुणस्तर अभिबृद्धि नै हो । पार्टीमा हामीले सङ्गठित र पार्टी सदस्यता गरी दुई खालको सदस्यताको अभ्यास गर्दै आएका छौं । तर पार्टी सदस्यताको विस्तारको महत्वलाई सबै कमिटीहरूले सही ढङ्गले बुझ्न नसक्दा र त्यसमा आवश्यक ध्यान पुऱ्याउन नसक्दा पार्टी सदस्यताको प्रावधान औपचारिकतामा सीमित हुन पुगेको छ । यसले एकातिर पार्टीमा प्रवेश गर्न चाहने समर्थक-शुभचिन्तकहरूलाई पार्टी सङ्गठनको फराकिलो दायरामा समेट्ने काम ओझेलमा परेको छ भने सङ्गठित सदस्यता दिनु पूर्व पार्टी सदस्यताको निश्चित प्रक्रिया पार गर्नुपर्ने प्रावधानलाई कडाइका साथ लागू गर्न नसक्दा सङ्गठित सदस्यहरूको गुणस्तर अपेक्षित मात्रामा माथि उठ्न सकेको छैन । सङ्गठित सदस्यतामा चाप पनि थपिंदै गएको छ । यो कमजोरीलाई हटाउन पार्टीका घोषित जनसङ्गठनलाई पार्टी सदस्यता प्राप्त गर्नु पूर्व पार गर्नैपर्ने प्रवेशद्वारको रूपमा विकास गर्दै पार्टीमा एकै खालको सदस्यताको व्यवस्था गर्नु आवश्यक देखिएको छ । तर त्यस्तो सदस्यतालाई सुरुमा परीक्षणकालीन सदस्यताको रूपमा प्रदान गर्ने र परीक्षणकालीन अवधि र दायित्व पूरा गरेपछि मात्रै पूर्ण सदस्यताको प्रक्रिया आरम्भ गर्ने वैधानिक व्यवस्था कायम गरिनु पर्दछ ।

*पार्टीभित्र क्रियाशीलता, जीवन्तता र उत्प्रेरणा अभिबृद्धिका लागि र पार्टी नेताहरू कार्यकर्ताबाट अनुमोदित बनुन्, कार्यकर्ताले नेताका रूपमा अपनत्व ग्रहण गर्न सकुन् भन्नका लागि यो व्यवस्था गरिएको हो ... तर पार्टी जीवनको आन्तरिक प्रतिस्पर्धा परम्परागत संसदीय व्यवस्थामा भन्ने गरिए जस्तो 'जित्नेले सबै लिन्छ भने जस्तो होइन ।*

## ३. भद्दा आकारका कमिटीहरू: सञ्चालन र व्यवस्थापनमा चुनौती

आठौं राष्ट्रिय महाधिवेशनबाटै पार्टीले औपचारिक रूपमा नेतृत्व तहमा समेत समावेशिताको नीति अख्तियार गरेपछि पार्टी कमिटीहरू ठूलो आकारका बन्न थालेका छन् । अधिवेशनका समयमा हुने प्रतिस्पर्धालाई कम गर्ने सन्दर्भमा पनि कमिटीको आकार बढाउने होड नै चलेको छ । माओवादीहरू खुल्ला राजनीतिमा आएपछि आफ्नो प्रभाव विस्तारका लागि ठूल्ठूला कमिटीहरू निर्माण गर्ने क्रियाकलापले पनि हाम्रो सङ्गठनात्मक जीवनलाई एकहदसम्म प्रभावित पारेको छ । त्यसमाथि, वामपन्थी पार्टीहरूबाट हाम्रो पार्टीमा प्रवेश गर्नेहरूलाई तत्कालै सङ्गठनात्मक जिम्मेवारी दिने नीतिले पनि कमिटीहरूको आकार बढाउने कुरामा योगदान पुग्ने गरेको छ । ठूला आकारका कमिटीहरू गठन गर्ने परिपाटीले नियमित सङ्गठनात्मक जीवन समेत गम्भीर रूपमा प्रभावित हुने गरेको छ । नियमित रूपमा बैठकको आयोजना गर्ने र समयमा बैठक सफलतापूर्वक सम्पन्न गर्ने कुरा कठिन बन्दै गएको छ । आलोचना-आत्मालोचनाको प्रणाली एक प्रकारले रोकिएको अवस्था छ । नियमित रूपमा रिपोर्टिङ् गर्ने र कामको मूल्याङ्कन गर्ने प्रणाली पनि कमजोर बन्न पुगेको छ । अर्कोतिर मातहत कमिटीका औपचारिक कार्यक्रमहरूमा अतिथिहरूको ठूलो सङ्ख्या उपस्थित हुनाले कार्यक्रमको व्यवस्थापनमा समेत गंभीर समस्या प्रकट हुने गरेको छ । कमिटीको आकार सानो बनाउँदा कार्यकर्ताको व्यवस्थापनमा समस्या उत्पन्न हुने र कार्यकर्ताको व्यवस्थापनलाई ध्यानमा राखेर ठूलो आकारका कमिटीहरू बनाउँदा सङ्गठनात्मक जीवनकै व्यवस्थापनमा समस्या पैदा हुने अवस्थाबाट हाम्रो सङ्गठनात्मक जीवन आक्रान्त छ ।

**४. अधिवेशनहरूमा चुनौती: नीति गौण, नेतृत्वमा मुख्य ध्यान**

पार्टी जीवनको लोकतान्त्रिकरण अन्तरगत अधिवेशनबाटै पदाधिकारी र सदस्यको निर्वाचन गर्ने परिपाटीको विकासले अधिवेशनहरू मूलतः नेतृत्वको प्रश्नमा केन्द्रित हुन थालेका छन्। नीति र विधि निर्माणका लागि अलग अधिवेशनको आयोजना गर्ने कुरा गरिएको भए पनि केही जनसङ्गठनहरू बाहेक उक्त नीति लागु हुन सकिरहेको छैन। एकभन्दा बढी व्यक्तिहरू एउटै पदका आकांक्षी बनेको अवस्थामा सोही पदका आकांक्षीहरूका बीचको प्रतिस्पर्धा स्वभाविक भए पनि आफूले चुनाव जित्नका लागि समूह निर्माण गर्ने वा समूहमा आबद्ध हुने प्रवृत्तिको विकास भएको छ। निर्वाचन क्षेत्र छुट्याउने गरिए पनि प्रतिस्पर्धा भएको स्थितिमा त्यस्ता सदस्यहरूको चुनाव समेत हलबाटै हुने वैधानिक व्यवस्थाले पनि सम्पूर्ण उम्मेद्वार र अधिवेशनका प्रतिनिधिहरू समेत खेमाबन्दीमा विभक्त हुने स्थिति सिर्जना भएको छ। मतदाताले उम्मेदवार को हो भन्ने कुरा पनि थाहै नपाई मतदान गर्नुपर्दा अरुको निर्देशन पर्खनु पर्ने वा समूहगत लिष्टको खोजी गर्नुपर्ने अवस्था सिर्जना हुने गरेको छ। पार्टी केन्द्रीय कमिटीको तर्फबाट प्यानलगत उम्मेदवारीलाई नियन्त्रण गर्न निर्देशन दिइएको भए पनि र केन्द्रीय निर्वाचन आयोगले यस्तो अभ्यासलाई नियन्त्रित गर्ने प्रयाश गरिरहेको भए पनि अधिवेशनहरू यसबाट मुक्त हुन सकेका छैनन्। अधिवेशनमा विगतको समीक्षा, वर्तमानको विश्लेषण, भविष्यको कार्ययोजना, विधान र सङ्गठनात्मक संरचना जस्ता नीतिगत प्रश्नहरू ओझेलमा पर्दै जानु र तिनीहरू नेतृत्वको प्रतिस्पर्धाको थलो जस्तै बन्न पुग्नु चिन्ताजनक बिषय बन्न पुगेको छ।

**५. अस्वस्थ प्रतिस्पर्धा**

हामीले पार्टी जीवनको लोकतान्त्रिकरणको एउटा अङ्गको रूपमा पार्टीमा आन्तरिक प्रतिस्पर्धालाई सहज अभ्यासका रूपमा आत्मसात् गरेका छौं। पार्टीभित्र क्रियाशीलता, जीवन्तता र उत्प्रेरणा अभिबृद्धिका लागि र पार्टी नेताहरू कार्यकर्ताबाट अनुमोदित बनुन्, कार्यकर्ताले नेताका रूपमा अपनत्व ग्रहण गर्न सकुन् भन्नका लागि यो व्यवस्था गरिएको हो र यो स्वाभाविक, आवश्यक र सकारात्मक बिषय पनि हो। तर पार्टी जीवनको आन्तरिक प्रतिस्पर्धा परम्परागत संसदीय व्यवस्थामा भन्ने गरिए जस्तो 'जित्नेले सबै लिन्छ (Winner takes all) भने जस्तो होइन। यो दुई वर्गका प्रतिनिधिबीचको

*कस्तो प्रकृतिको सङ्गठन खोल्न दिने र त्यसरी खोलिएका सङ्गठनहरूलाई कसरी संचालन गर्ने भन्ने कुरामा स्पष्टता हासिल नै नगरी धमाधम सङ्गठनहरू खुल्ने, ... कतिपय अवस्थामा पार्टी र त्यस्ता सङ्गठनहरूका नीतिहरू बाझ्न गई पार्टी कार्यकर्ता पार्टीको नीतिभन्दा बाहिर जानेसम्मको दुःखद स्थिति सिर्जना भयो ।*

द्वन्द्व होइन, कमरेडली प्रतिस्पर्धा हो र यसले 'एकता-प्रतिस्पर्धा र अझ उन्नत स्तरको एकता' को भावलाई आत्मसात् गर्नुपर्छ । तर निर्वाचनको समयमा हुने प्रतिस्पर्धा लोकतान्त्रिक संस्कृतिको अभावमा मित्रवत् बन्न सकिरहेका छैनन् । 'एकपटकको प्रतिस्पर्धी सँधैको प्रतिस्पर्धी' जस्तो ढङ्गले सम्बन्धहरू हर्किन थालेका छन् । यसले माथिदेखि तलसम्म गुटबन्दीको सञ्जाल बिस्तार गर्न सहयोग पुगिरहेको छ । पार्टीको आन्तरिक जीवनमा हुने प्रतिस्पर्धाले बाह्य शक्तिसँगको प्रतिस्पर्धामा समेत नकारात्मक असर पर्न थालेको छ । विभिन्न तहका चुनावमा पार्टीका उम्मेदवार बिरुद्धमा घात-प्रतिघातका घटनाहरू पनि बढ्न थालेका छन् । यस प्रकारको स्थितिले पार्टीको राजनीतिक कार्यदिशाको सफलतामा समेत गंभीर चुनौती खडा भएको छ । पार्टीको आन्तरिक प्रतिस्पर्धालाई प्रभावित पार्ने गरी सङ्गठनात्मक काममा अवरोध सिर्जना गर्ने वा अबाञ्छित रूपमा हस्तक्षेप गर्ने वा प्रभावित गर्ने प्रवृत्ति पनि ठाउँ-ठाउँमा देखिन थालेका छन् । निश्चित व्यक्तिलाई मात्र सदस्यता दिने, एउटै व्यक्तिले पार्टीको सङ्गठित सदस्यको सदस्यता शुल्क र लेवी तिरिदिने जस्ता प्रवृत्ति पनि सङगठनात्मक जीवनलाई प्रभावित पार्ने रोगका रूपमा प्रकट हुन थालेका छन् । आफ्नो ठाउँको प्रतिनिधित्व बढाउने उद्देश्यले समेत विधि र प्रक्रिया मिचेर सदस्यता वितरण गर्ने काम पनि हुने गरेको छ । यस प्रकारका गतिविधिहरूले पार्टीको जीवनलाई अवस्थकर बनाउने कुरा निश्चित छ । बहुलवाद र बहुदलीय प्रतिस्पर्धाको राजनीतिक प्रणाली भित्रैबाट सर्वहारा श्रमजीवी वर्गलाई राज्यसत्ताको नेतृत्वमा स्थापित गरेर उसकै नेतृत्वमा जनवादी व्यवस्थाको सुदृढीकरण गर्दै शान्तिपूर्ण र वैधानिक संघर्षका माध्यमबाट समाजवादमा पुग्ने ध्येय र उद्देश्य बोकेको पार्टीले प्रतिस्पर्धाका कारणले समस्या पैदा भयो भनेर त्यसबाट पछि फर्कन सकिंदैन । तर प्रतिस्पर्धाका नाममा 'जे पनि गर्ने' छुट कसैलाई दिन सकिंदैन

र दिनु पनि हुँदैन । निरन्तरको लोकतान्त्रिक अभ्यास र त्यस क्रममा विकसित हुने लोकतान्त्रिक संस्कृतिका माध्यमबाट पनि यस प्रकृतिको समस्याको एकहदसम्म समाधान गर्न सकिन्छ । तर आन्दोलनलाई प्रत्यक्ष रूपमा हानी पुऱ्याउन अबाञ्छित क्रियाकलापलाई भने विधि र प्रक्रिया अनुरूप कडाईका साथ नियन्त्रण गरिनु पर्दछ ।

६. **व्यवस्थित मूल्याङ्कन प्रणालीको अभाव**

पार्टी कामको विस्तारसँगै पार्टी सदस्यहरूका कामको मूल्याङ्कनको वैज्ञानिक प्रणालीको विकास आवश्यक हुन्छ । फैलँदो सङ्गठनात्मक सञ्जाल भएका पार्टी भित्र सबै योग्य र सक्षम कार्यकर्ताका बारेमा नेतृत्व जानकार हुने अवस्था पनि रहँदैन । त्यस्तो स्थितिमा नेतृत्वले कार्यकर्ताको मूल्याङ्कनका सन्दर्भमा कमिटी प्रणालीमा भर पर्ने र कमिटीले गरेको मूल्याङ्कनका आधारमा पार्टी सदस्यहरूको कामको अभिलेख राख्ने परिपाटीको विकास गर्नुपर्ने हुन्छ । त्यसका लागि कार्यालयको काम र अभिलेखीकरणको कामलाई विशेष महत्व दिनुपर्ने हुन्छ । जनसम्पर्कका लागि कार्यालयको अवधारणाको एकहदसम्म विकास भए पनि अभिलेखीकरणका लागि कार्यालयको अवधारणाको विकास अझै राम्ररी हुन सकेको छैन । जसले गर्दा पार्टीमा नेताको सम्पर्कमा आउने कार्यकर्ताप्रति नेतृत्व सदैव सकारात्मक हुने र आधारभूत तहको काम र आफूले प्राप्त गरेको काममा रम्ने कार्यकर्ताको खोजी नै नहुने समस्या बढ्दो छ । उस्तै वा कम योग्यता भएका व्यक्तिले पटक पटक लाभका पदहरूमा राजनीतिक नियुक्त पाउने र चुनावका समयमा टिकट पनि पाउने तर सोही स्तरको अर्को व्यक्तिले कुनै अवसर नै नपाउने कुराले कार्यकर्ता पंक्तिमा असन्तुष्टि बढ्न गई पार्टी काममै नकारात्मक असर पर्न सक्छ । संविधानसभाको पछिल्लो निर्वाचनमा कतिपय निर्वाचन क्षेत्रमा कार्यकर्ताको भावना अनुरूप उम्मेद्वार छनौट गर्न नसक्दा र समानुपातिक तर्फको सूची समयमै व्यवस्थित गर्न नसक्दा पनि यसै चुनावबाट पहिलो पार्टी हुने अवसर पार्टीले गुमाउनु परेको छ । आगामी दिनमा यस्तो नहोस् भन्नका लागि कमिटीगत मूल्याङ्कनको प्रणालीलाई स्थापित गर्ने र त्यसको व्यवस्थित अभिलेख राख्ने पद्धतिको विकास गर्नु जरुरी छ ।

*एउटै क्षेत्रमा भौगोलिक र गैरभौगोलिक क्षेत्रका कार्यकर्ताहरूको परिचालन रहेको अवस्थामा त्यसले यहाँको पार्टी कामलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित गर्नु स्वभाविक नै हो । सामान्य अवस्थामा यस प्रकारको स्थितिले पार्टी कामको बिस्तारमा सकारात्मक योगदान पुग्ने गरेको छ भने समन्वयको अभावले समस्या पनि सिर्जना हुने गरेको छ ।*

**७. 'पहिचान' बारेका अस्पष्टता, भ्रम र सङ्कीर्णता**

जनआन्दोलनका क्रममा नेपालको लोकतान्त्रिक आन्दोलनमा पहिचानको राजनीतिले एजेण्डाको रूपमा प्रवेश पायो। त्यस पछिका दिनहरूका राजनीतिक दलहरूभित्र पहिचान, समावेशिता र आरक्षण जस्ता विषयहरूले प्राथमिकता पाउँदै गए। त्यही क्रममा हाम्रो पार्टीले विभिन्न प्रकृतिका जातीय, क्षेत्रीय, भाषिक र सांस्कृतिक सङ्गठनहरू खोल्न दिने नीति अलम्बन गर्‍यो। कस्तो प्रकृतिको सङ्गठन खोल्न दिने र त्यसरी खोलिएका सङ्गठनहरूलाई कसरी संचालन गर्ने भन्ने कुरामा स्पष्टता हासिल नै नगरी धमाधम सङ्गठनहरू खुल्ने, हिजो वर्गीय आन्दोलनबाट दीक्षित भएका कार्यकर्ताहरू त्यस्ता सङ्गठनमा संलग्न हुँदा त्यहाँभित्र हुर्किएका गैरवर्गीय अतिवादी विचारहरूबाट प्रभावित हुने अवस्था सिर्जना हुँदै गयो। कतिपय अवस्थामा पार्टी र त्यस्ता सङ्गठनहरूका नीतिहरू बाभ्mन गई पार्टी कार्यकर्ता पार्टीको नीतिभन्दा बाहिर जानेसम्मको दुःखद स्थिति सिर्जना भयो। कतिपय अवस्थामा पार्टीको घोषित नीतिमा प्रतिकूल असर पर्ने गरी सङ्गठन निर्माणगर्ने कुरामा समेत पार्टीले अनुमति दिने कमजोरी भयो। त्यसका असरहरू आजसम्म पनि विद्यमान छन्। एकातिर पहिचानको प्रश्नलाई राजनीतिक या वर्गीय प्रश्नभन्दा पृथक र ती सबैभन्दा माथि राखेर हेर्ने, पहिले आफ्नो जाति/क्षेत्र/संस्कृति/लैङ्गिक समुदाय, त्यसपछि मात्रै पार्टी र राष्ट्र भन्ने जस्ता सङ्कीर्णताहरू देखिएका छन् भने अर्कोतिर हिजोसम्म एकात्मक राज्य संरचनाले उत्पीडनमा पारेका जातीय/भाषिक/सांस्कृतिक/लैङ्गिक समुदायको पहिचान र प्रतिनिधित्वको मागलाई उपेक्षा गर्ने, तिनलाई नकारात्मक ढङ्गले विश्लेषण गर्ने जातीय अहङ्कारवाद पनि प्रकट भएका छन्। पार्टी निर्माणको प्रश्नमा पनि यस्ता

समस्या देखिएका छन्। एकातिर समावेशीकरणका नाममा पार्टीलाई जातिहरूको संयुक्त मोर्चा जस्तो बनाउन खोज्ने अतिवादी प्रवृत्ति र अर्कातिर युगौंदेखि पछाडि पारिएको समुदायलाई अगाडि बढाउन विशेष व्यवस्थाको आवश्यकता पर्छ भन्ने कुरालाई नजरअन्दाज गर्ने पुरातनवादी प्रवृत्ति पनि यस सन्दर्भमा देखा परेका छन्। त्यसैले समावेशिताका स्पष्ट आधार र मापदण्ड तय गर्नु जरुरी छ। कुनै पनि राज्यमा बसोबास गर्ने जनता त्यस राज्यको जनसङ्ख्या भए जस्तै पार्टीको जनसङ्ख्या भनेको पार्टी सदस्यहरूको सङ्ख्या हो। पार्टी नेतृत्वमा समावेशिताको सवाल भनेको पार्टी सदस्यहरूको प्रतिनिधित्वको सवाल नै हो। त्यसैले सम्बन्धित क्षेत्र वा समुदायका पार्टी सदस्यको सङ्ख्यालाई नै समावेशिताको सामान्य आधार बनाइनु पर्छ र आमरूपमा लागू गरिने मापदण्डलाई समावेशिताको सन्दर्भमा केही खुकुलो गरी लागू गर्ने व्यवस्था गरिनुपर्दछ। समावेशिताको सन्दर्भमा आरक्षण गरिएका पदमा एक व्यक्ति बढीमा दुई पटकसम्म मात्रै रहन पाउने स्पष्ट व्यवस्था गरिनुपर्दछ।

८. **काममा दोहोरोपनको समस्या**

कामका नयाँ क्षेत्रमा प्रवेश गर्ने नाममा पार्टीको काममा दोहोरोपनको समस्या पनि बढेर गएको छ। एउटै व्यक्ति अनेक क्षेत्रको जिम्मेवारीमा रहने र एकै प्रकृतिको काममा पार्टी सम्बद्ध एकभन्दा बढी निकायहरू सङ्लग्न हुने अवस्था समस्याका रूपमा बढ्दै गएको छ। पार्टीका निर्धारित मापदण्ड पनि उल्लङ्घन हुने गरेका छन्। अलग अलग ठाउँबाट नेतृत्व प्रदान गर्ने होडबाजीले अस्वस्थ प्रतिस्पर्धाको अवस्था सिर्जना भएको छ भने अर्कोतिर पार्टी नीतिमा समेत अन्योल र विरोधाभाष सिर्जना भएको छ। कतिपय अवस्थामा त्यस क्षेत्रको काममा कोही पनि जिम्मेवारी र जवाफदेही नहुने अवस्था पनि आउने गरेको छ। यसले समग्र पार्टी काममै नकारात्मक असर पर्ने गरेको छ। यस प्रकारका गतिविधिले पार्टीमा अस्वस्थ प्रतिस्पर्धा र गुटबन्दी सिर्जना गर्ने कुरामा समेत सहयोग पुऱ्याई रहेका छन्। कतिपय अवस्थामा पार्टी सदस्यहरूको बीचमा कटुता पैदा भई शत्रुतापूर्ण सम्बन्धको विकास समेत हुने गरेको छ। कामको दोहोरोपनका कारणले देखिएका यस प्रकृतिका समस्या समाधानको लागि गंभीर ध्यान जानु आवश्यक छ।

*यतिबेला कमिटी र कमिटीका सदस्यहरूलाई परिभाषित ढङ्गले जिम्मेवारी दिने र त्यही कामको आधारमा निजको मूल्याङ्कन गर्ने प्रणाली कमजोर भएको छ । मूल्याङ्कनको अभावमा काम गर्ने र नगर्ने बीचको भिन्नता छुट्टिन सकिरहेको छैन, जसले गर्दा काम गर्नेले गर्वको अनुभूति गर्ने र काम नगर्नेले हिनताबोध ...*

## ९. राजधानीमा पार्टी कामः समन्वय र स्पष्टताको खाँचो

काठमाडौं उपत्यकाको पार्टी कामका सन्दर्भमा पार्टीका भूगोलका कमिटीहरू, मजदुर, बुद्धिजीवी र विद्यार्थीका विशेष कमिटीहरू तथा सम्पर्क विशेष समन्वय कमिटी, अञ्चल सम्पर्क कमिटीहरू र जिल्ला सम्पर्क मञ्चहरूसमेत क्रियाशील रहेको अवस्था छ। सम्पर्क मञ्चहरूले पार्टीद्वारा सञ्चालित आन्दोलन, विभिन्न अभियान र पार्टी निर्माणमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। मुलुकको राजधानी समेत भएका कारणले पार्टीको केन्द्र र जनसङ्गठनका केन्द्रहरू पनि यहीं क्रियाशील छन् । यसरी एउटै क्षेत्रमा भौगोलिक र गैरभौगोलिक क्षेत्रका कार्यकर्ताहरूको परिचालन रहेको अवस्थामा त्यसले यहाँको पार्टी कामलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित गर्नु स्वभाविक नै हो। सामान्य अवस्थामा यस प्रकारको स्थितिले पार्टी कामको बिस्तारमा सकारात्मक योगदान पुग्ने गरेको छ भने खासखास बेलामा समन्वयको अभावले समस्या पनि सिर्जना हुने गरेको छ। कस्तो प्रकारको पार्टी सदस्य भौगोलिक कमिटीमा आबद्ध हुने र कस्तो प्रकृतिको पार्टी सदस्य गैरभौगोलिक कमिटीमा आबद्ध हुने र कस्तो प्रकृतिको पार्टी सदस्य सम्पर्क विशेष समन्वय कमिटी र त्यस अन्तरगतका कमिटी र मञ्चहरूमा सहभागी हुने भन्ने कुराको स्पष्ट नीति बन्नु आवश्यक छ। काठमाडौं उपत्यकामा मतदाता रहेका व्यक्तिहरू काठमाडौं उपत्यकाको भूगोलको काममै आबद्ध हुने नीति बनाएर राजधानीको पार्टी कामलाई बल पुर्‍याउने स्थिति बनाउनु जरुरी छ।

## १०. कार्यकर्ता व्यवस्थापनको समस्या

कामको बिस्तारसँगै कार्यकर्ताको व्यवस्थापनका क्षेत्रमा समस्या बढ्दै गएका छन्। कार्यकर्ताका गंभीर समस्याहरूमा समेत पार्टीको ध्यान पुग्न

सकेको छैन । पार्टीमा कस्ता व्यक्तिहरूलाई कुन तहको कामको जिम्मेवारी दिने भन्ने कुरामा समेत समस्या पैदा भएको छ । कस्ता व्यक्तिहरूलाई विभागीय काममा संलग्न गराउने र केन्द्रीय विभागमा रहेका व्यक्तिहरू कुन तहसम्मको स्थानिय कमिटीमा बस्न सक्ने भन्ने कुरा स्पष्ट नहुँदा एक प्रकारको अराजकताको स्थिति सिर्जना हुने गरेको छ । कोही व्यक्ति एकभन्दा बढी भिन्न कमिटी र सङ्गठनहरूको कार्यकारी भूमिकामा बस्ने र कोही भने विदा हुनुपर्ने अवस्था पनि देखिने गरेको छ । जनसङ्गठनमा रहेका व्यक्तिहरूको हकमा पार्टीले निश्चित मर्यादा तोक्ने काम भए पनि उक्त मर्यादाभन्दा तलको जिम्मेवारीमा बसिरहेको अवस्था छ । पार्टीका सङ्गठित सदस्यहरू मध्ये कतिपयले कुनै जिम्मेवारी नै नपाएको र कतिपले जिम्मेवारी नै लिन नचाहेको अवस्था पनि छ । पार्टी विधानमा गरिएको व्यवस्था अनुरूप पार्टी सदस्यलाई कामको जिम्मेवारी प्रदान गर्नु पर्ने कुरा सदस्यको स्वेच्छाको विषय नभई सङ्गठनको जिम्मेवारीको विषय हो भन्ने कुरा स्थापित गरिनु जरुरी छ ।

### ११. परिभाषित कामः स्पष्ट कार्यविभाजनको खाँचो

यतिबेला कमिटी र कमिटीका सदस्यहरूलाई परिभाषित ढङ्गले जिम्मेवारी दिने र त्यही कामको आधारमा निजको मूल्याङ्कन गर्ने प्रणाली कमजोर भएको छ । मूल्याङ्कनको अभावमा काम गर्ने र नगर्ने बीचको भिन्नता छुट्टिन सकिरहेको छैन, जसले गर्दा काम गर्नेले गर्वको अनुभूति गर्ने र काम नगर्नेले हिनताबोध गर्नुपर्ने अवस्था निर्माण हुन सकिरहेको छैन । यस्तो स्थितिले गर्दा कमिटीका जिम्मेवार सदस्य र पदाधिकारीहरू नै आफ्नो परिभाषित काममा पर्याप्त समय नदिने, खास-खास बैठक र भेलामा मात्र सहभागी हुने तर आफूले चाहेका अन्य काममा भने सक्रिय देखिने प्रवृत्ति समेत देखिएको छ । यस प्रकारको प्रवृत्ति पनि सङगठनात्मक कामको क्षेत्रमा गंभीर समस्या हो । कमिटीको आकार बढ्दै गएको अवस्थामा कतिपय सदस्यका लागि परिभाषित कामको ठोस जिम्मेवारी समेत दिन नसकिएको अवस्था पनि छ । यस प्रकारको अवस्थामा सुधार ल्याउनु पर्दछ ।

### १२. पूर्णकालीन कार्यकर्ताका मापदण्ड र व्यवस्थापनको समस्या

पार्टीमा पूर्णकालिन कार्यकर्ताको सम्वन्धमा स्पष्ट मापदण्ड तयार गरी लागु हुन सकेको अवस्था छैन । कुन तहको कमिटीका कुन तहसम्मका

*पार्टीको 'कार्यकर्ता संरक्षण कोष'को स्थापना पनि गरिएको छ । त्यस सम्बन्धी निर्देशिका तयार गरी जारी समेत गरिएको छ । तर उक्त कोषको संचालन र व्यवस्थापनको काम भने अघि बढ्न सकेको छैन । निर्देशिका अनुरूप उक्त कोषको संचालक समिति गठन गरी प्रभावकारी बनाउनेतर्फ ध्यान जानु आवश्यक छ ।*

पदाधिकारीहरू र सदस्यहरू पूर्णकालिन हुनुपर्ने हो स्पष्ट छैन । विगतको प्रचलित अभ्यासका आधारमा कतिपय कमिटीहरूले पूर्णकालिन कार्यकर्ता तोक्ने गरेको देखिन्छ भने कतिपय कमिटीमा यो विषय एजेण्डा नै बन्न छोडेको छ । यतिसम्म कि पार्टीको केन्द्रीय तहका नेताहरू सबै पूर्णकालिन रहने मान्यता पनि व्यवहारमा लागु हुन सकेको छैन । कतिपय केन्द्रीय नेताहरू नै व्यवसायिक कामको कार्यकारी भूमिकामा रहने र पेशागत काममा सङ्लग्न रहने गरेको स्थिति छ । पूर्णकालिन सदस्यको हैसियतमा पार्टीका तर्फवाट सुविधा पनि लिने र आफ्नो पेशा व्यवसायमा कार्यकारी भूमिकामा संलग्न रहने स्थिति उपयुक्त होइन । पछिल्लो समयमा पार्टीले आर्थिक सामाजिक विकास र रूपान्तरणको कामलाई पार्टी कामको महत्वपूर्ण विषयका रूपमा प्रस्तुत गरिरहेको अवस्थामा आफ्नो निजी पेशा र व्यवसायको कामका लागि छुट पाएको वा प्रोत्साहन मिलेको ठान्ने स्थिति छ । यसले पार्टीको परिभाषित कामप्रतिको जिम्मेदारी र जवाफदेहीतामा पनि गंभीर समस्या पैदा भएको छ । तसर्थ निश्चित तहको कामको जिम्मेवारी प्राप्त व्यक्ति अनिवार्य रूपमा पूर्णकालिन कार्यकर्ताको हैसियतमा रहनुपर्ने र त्यस्ता पूर्णकालिन कार्यकर्ताको सन्दर्भमा स्पष्ट मापदण्ड बनाएर लागु गर्नु आवश्यक छ । पूर्णकालिन कार्यकर्ताले के के गर्नु पर्ने र के के गर्न नहुने भन्ने कुरामा एकरूपता कायम गरिनु पर्दछ । पूर्णकालिन कार्यकर्ताका सन्दर्भमा स्पष्ट नीति र मापदण्ड नबनाईंदा वा यस विषयलाई उपेक्षा गरिंदा आर्थिक हैसियत कमजोर भएका कार्यकर्ताहरू पार्टीको कामबाट टाढिने वा उनीहरूको भूमिका कमजोर हुँदै जाने समस्या पनि बढ्दै गएको छ । यस्तो कुरामा अविलम्ब सुधार गर्नु जरुरी छ ।

**१३. जिम्मेवारीको न्यायोचित बाँडफाँटः पार्टी काम र सार्वजनिक कामको उचित सन्तुलन**

राजकीय क्षेत्रको जिम्मेवारी पाउने कार्यकर्ताका लागि सीमित मात्रामा भए पनि आर्थिक र भौतिक सुविधा प्राप्त हुने र अन्य जिम्मेवारीमा रहेका कार्यकर्ताहरू त्यस प्रकारको सुविधावाट बञ्चित रहने स्थिति छ। पार्टीको काममा निरन्तर योगदान गरेका र आर्थिक हैसियत समेत कमजोर भएका कार्यकर्ताहरूको निजी जीवन समेत असहज बन्दै जाने स्थिति छ। राजनीतिक कामका सन्दर्भमा आक्रमण वा भिडन्तमा परी घाइते भएको अवस्थामा सम्बन्धित तहका कमिटीहरूले जिम्मेवारी लिन नसक्दा कार्यकर्ताहरूले पार्टीका तर्फबाट न्यूनतम सहयोग समेत नपाउने स्थिति पनि छ। कतिपय अवस्थामा भने पार्टीलाई अत्यावश्यक दायित्व बोकाउने प्रवृत्ति पनि बढेर गएको छ। पार्टीका पुराना कमरेडहरू विरामी हुँदाको अवस्थामा न्यूनतम् उपचारको प्रबन्ध गर्ने र पार्टीको तर्फबाट सहयोग प्रदान गर्ने कुरामा पनि खासै नीति बन्न सकेको छैन। यस प्रकृतिको समस्यालाई समेत दृष्टिगत गरी पार्टीको आठौं राष्ट्रिय महाधिवेशनबाट कार्यकर्ता कल्याणकोष निर्माण गर्ने निर्णय गरिएको थियो। पार्टी स्थापना दिवस पारेर २०६९ साल वैशाखमा पार्टीको 'कार्यकर्ता संरक्षण कोष'को स्थापना पनि गरिएको छ। त्यस सम्बन्धी निर्देशिका तयार गरी जारी समेत गरिएको छ। तर उक्त कोषको संचालन र व्यवस्थापनको काम भने अघि बढ्न सकेको छैन। अब निर्देशिका अनुरूप उक्त कोषको संचालक समिति गठन गरी त्यसलाई प्रभावकारी बनाउनेतर्फ पार्टीको ध्यान जानु आवश्यक छ। त्यसरी नै, सार्वजनिक जिम्मेवारीका लागि अझ स्पष्ट र पारदर्शी मापदण्ड बनाउने, त्यसका लागि पनि अधिकतम कार्यकाल निर्धारित गर्ने र अवसरहरूको वितरणमा न्याय भएन भन्ने गुनासो आउन नदिने गरी नयाँ व्यवस्था गर्न जरुरी छ।

**१४. जनसङ्गठनको प्रभावकारी परिचालनको समस्या**

जनसङ्गठनहरू राजनीतिक रूपमा पार्टीको नीतिबाट निर्देशित र सङ्गठनात्मक रूपमा आफ्नो अलग विधानबाट स्वतन्त्र ढङ्गले संचालित हुँदै आएका छन्। फ्याक्सनका माध्यमबाट राजनीतिक नेतृत्व दिंदै आएकोमा पार्टीले आठौं राष्ट्रिय महाधिवेशनबाट पार्टी सम्बद्ध सङ्गठनलाई सिधै राजनीतिक नेतृत्व प्रदान गर्ने नीति लिएको छ। त्यसो गरिरहँदा पनि

*हाम्रो पार्टीले भूमिगतकाल देखि नै जीवनशैली र आचरणका क्षेत्रमा असल परम्पराको विकासमा जोड दिंदै आयो । जनताको सेवालाई सर्वोपरि महत्व दिने, सुविधा अरुलाई र अप्ठ्यारो जिम्मेवारी चाहिँ आफूलाई जस्ता आदर्शहरू हुर्काउँदै ल्यायो । निजी स्वार्थको परित्याग पार्टी कार्यकर्ताहरूको विशेषताकै रूपमा स्थापित भयो ।*

त्यस्ता जनसङ्गठनहरू आफ्नो विधानबाट सञ्चालित हुनुपर्ने मान्यताको पक्षमा पार्टी छ। जन तथा वर्गीय सङ्गठन संचालनको यस प्रकारको नीतिको कार्यान्वयनमा एकरूपता कायम गर्न सकियोस् र जन तथा वर्गीय सङ्गठनको भूमिकालाई पार्टीको राजनीतिक कार्यदिशा अनुरूप परिचालन गर्न सकियोस् भन्ने उद्देश्यका साथ पार्टीको आठौं राष्ट्रिय महाधिवेशनबाट मोर्चा सङ्गठन निर्माण गर्ने नीति अवलम्बन गर्‍यो । यतिबेला पार्टीको उक्त नीति कार्यान्वयनमा आइसकेको छ ।

तर पनि जनसङ्गठनहरूको भूमिका आफ्नो वर्ग या समुदायका सरोकारहरूको पहिचान गर्ने, मागलाई अगाडि बढाउने, र मूलतःआफ्नो समुदायको अगुवाका रूपमा आन्दोलन, परिचालन र जनदबाब सृष्टि गर्ने संबाहकका रूपमा अझै प्रभावकारी बन्न सकेको छैन । हिजो लोकतान्त्रिक आन्दोलन मुख्य राष्ट्रिय एजेण्डा भएको बेला जनसङ्गठनहरूले राजनीतिक कार्यसूचीलाई प्राथमिकता दिनु स्वाभाविकै थियो । परिवर्तित परिस्थितिमा उनीहरूले आफूलाई सम्बन्धित समुदायका सरोकारमा केन्द्रित गर्न नसक्ने हो भने उनीहरूको सान्दर्भिकतामाथि प्रश्नचिह्न उठ्ने अवस्था सिर्जना हुनेछ । आफ्नो समुदायको नेताको रूपमा स्थापित हुँदै त्यसभित्र पार्टीको प्रभाव बिस्तार गर्न र आफ्नो संस्थालाई पार्टी कार्यकर्ता उत्पादनको पाठशाला बनाउने भूमिकामा जनसङ्गठन अझ प्रभावकारी बन्न सकिरहेका छैनन् ।

पार्टी काममा झैं जनसङ्गठनको काममा पनि दोहरोपनको समस्या छ । कामको नयाँ क्षेत्रमा प्रवेश गर्ने नाममा जनसङ्गठनहरूमा दोहोरोपनको समस्या पहिलेको तुलनामा बढेर गएको छ। त्यसैगरी एउटै व्यक्ति भिन्न भिन्न जनसङ्गठनको महत्वपूर्ण जिम्मेवारीमा रहने र कुनै पनि क्षेत्रको काममा गहिरिएर नलाग्ने समस्या पनि देखिन थालेको छ। एउटै कार्यकर्ता

उही प्रकृतिको काममा कहिले कुनै जनसङ्गठनको नेताका रूपमा र कहिले कुनै जनसङ्गठनको नेताको रूपमा प्रस्तुत हुने गलत परिपाटीको विकास हुन थालेको छ। कतिपय अवस्थामा खास क्षेत्रको काममा कोही पनि जिम्मेवार र जवाफदेही नहुने अवस्था पनि देखिने गरेको छ। यसले समग्र पार्टीको प्रतिष्ठामा नै नकारात्मक असर पुगिरहेको अवस्था छ। कतिपय अवस्थामा एउटै क्षेत्रको काम वा समस्याका सन्दर्भमा भिन्न-भिन्न नीतिहरूबाट निर्देशित हुने दुःखद अवस्था पनि सिर्जना हुने गरेको छ। परिणाम स्वरूप यस प्रकारका गतिविधिले पार्टीमा अस्वस्थ प्रतिस्पर्धा र गुटबन्दी सिर्जनामा बल पुगिरहेको छ। जनसङ्गठनको काममा बढ्दै गएको दोहोरोपनको समस्यालाई समाधान गर्ने कुरामा पार्टीको ध्यान जानु आवश्यक छ। एउटै कार्यकर्ता एकभन्दा बढी जनसङ्गठनको महत्वपूर्ण जिम्मेवारीमा रहने कुरालाई पनि निरुत्साहित गरिनु आवश्यक छ।

**१५. आदर्श र आचरणबीचको विरोधाभाष**

हाम्रो पार्टीले भूमिगतकाल देखि नै जीवनशैली र आचरणका क्षेत्रमा असल परम्पराको विकासमा जोड दिंदै आयो। जनताको सेवालाई सर्वोपरि महत्व दिने, सुविधा अरुलाई र अप्ठ्यारो जिम्मेवारी चाहिँ आफूलाई जस्ता आदर्शहरू हुर्काउँदै ल्यायो। निजी स्वार्थको परित्याग पार्टी कार्यकर्ताहरूको विशेषताकै रूपमा स्थापित भयो। अनावश्यक तडक-भडक नगर्ने, फजुलखर्च नगर्ने, सादा जीवन शैलीको अनुशरण गर्ने, वचत गर्ने र त्यसको एउटा महत्वपूर्ण अंश पार्टी र आन्दोलनको पक्षमा लगाउने नीतिलाई प्रोत्साहित गर्दै आयो। जनवादी विवाहका नयाँ संस्कृतिको विकास समेत गऱ्यो। कुलत दुव्यर्सनबाट पार्टीलाई मात्र होइन, समाजलाई अलग गर्ने अभियानको नेतृत्व समेत गऱ्यो। महिलाप्रतिको आदर सम्मानको संस्कृतिको विकासमा जोड दियो। छुवाछुत र विभेदका विरुद्ध अभियानहरू सञ्चालन गऱ्यो। कुरीति र कुसंस्कारका विरुद्ध सामाजिक जागरणको नेतृत्व गऱ्यो। आधारभूत तहका जनतासँगको घनिष्ट सम्बन्ध कायम गर्ने कुरालाई उच्च महत्व दियो। त्यही जनशैली र आचार विधिबाट खारिएका कार्यकर्ताहरू हाम्रो पार्टीका आधारका रूपमा कायम छन्। तर पार्टी खुला राजनीतिमा आएपछि त्यो असल परम्परामा धमिरा लाग्न थालेको छ। मितव्ययिताको ठाउँ फजुलखर्चले लिन थालेको छ। जनवादी संस्कृति निर्माणमा भन्दा तडक-भडकपूर्ण पूँजीवादी संस्कृतितर्फको आकर्षण बढ्न थालेको छ। चरित्रगत

*एकातिर विचारको छलफलको नाममा पार्टीमा अस्वस्थ प्रतिस्पर्धा पैदा हुने र त्यसले पार्टीमा विभाजन समेत निम्त्याउने तीतो अनुभव छ भने अर्कोतिर पार्टी विभाजनको अनुमानित आशङ्कामा विचारको छलफललाई अनावश्यक नियन्त्रण गर्ने जस्ता प्रवृत्तिहरू पनि छन् ।*

हिसाबले पनि भ्रष्टीकरणका प्रवृत्तिहरू बढेर गएका छन् । आर्थिक आचरण र चरित्रगत आचारका क्षेत्रमा समस्याहरू देखिन थालेका छन् । यसले पार्टीको प्रतिष्ठामा नै नकारात्मक असर पुगेको छ । वास्तवमा यस प्रकारका प्रवृत्तिहरूमा समयमै सुधार ल्याउन नसक्ने हो भने पार्टीको नेतृत्वमा अग्रगामी परिवर्तनका कार्यभारहरू पूरा गर्न कठिन हुनेछ । तसर्थ पार्टीले जीवनशैली र आचरणका क्षेत्रमा विगतका आफ्नै उन्नत अभ्यासहरूलाई आजको सन्दर्भमा परिमार्जन गर्दै लागु गर्ने कोशिस गर्नु पर्दछ । पार्टीका नेता र कार्यकर्ताको हकमा यस विषयलाई अनिवार्य गरिनु पर्दछ ।

## (छ) परिवर्तित सन्दर्भमा पार्टी निर्माण र सङ्गठन व्यवस्थापन

क्रान्तिका उपलब्धीलाई नयाँ संविधानमार्फत् संस्थागत गर्दै तीव्र सामाजिक-आर्थिक-सांस्कृतिक रूपान्तरणमार्फत् जनवादी व्यवस्थालाई सुदृढ गर्ने हाम्रो तात्कालिक राजनीतिक कार्यदिशाले पार्टी निर्माणको आजको हाम्रो अभिभारालाई दिशा निर्देशित गर्छ । पार्टी निर्माणको आजको अभिभाराको मुख्य सार हो- बुर्जुवा वर्गसँग प्रतिस्पर्धामा कम्युनिष्ट पार्टीले श्रेष्ठता हासिल गर्नसक्ने गरी आम नेपाली श्रमजीवी जनताको अभिमत प्राप्त गर्न, उनीहरूको विश्वास निरन्तर हासिल गरिरहन र जनमतको बलमा वर्तमान पूँजीवादी जनवादी क्रान्तिलाई समाजवादी दिशा दिन सक्ने गरी पार्टी निर्माण । अर्को अर्थमा हिजो लोकतान्त्रिक आन्दोलनको 'च्याम्पियन' का रूपमा स्थापित हुन सफल नेकपा (एमाले)लाई सामाजिक-आर्थिक रूपान्तरण र नयाँ तथा समृद्ध नेपाल निर्माणको 'च्याम्पियन' का रूपमा विकास गर्नु । पार्टी निर्माण र सङ्गठन व्यवस्थापनका हाम्रा वर्तमान कार्यभारहरू यही

कार्यदिशाबाट निर्देशित हुनेछन् । यसका लागि हामीले देहायका काममा ध्यान केन्द्रित गर्नु पर्छ :

१. **क्रान्तिकारी विचारधाराले दीक्षित पार्टी पङ्क्तिको निर्माण**

पार्टीका नीति, सिद्धान्त र राजनीतिक कार्यदिशाबाट दीक्षित र पार्टी कार्यक्रमप्रतिको गहिरो लगाव भएका नेता र कार्यकर्ताको ठूलो पंक्ति तयार गर्न नसक्ने हो भने पार्टी आफ्ना घोषित लक्ष र उद्देश्यमा सफल हुन सक्तैन । पार्टीका नेता र कार्यकर्ताहरूले कुनै एक समयमा हासिल गरिएको ज्ञानका आधारमा आफूलाई सक्षम ठान्ने कुरा उपयुक्त होइन । ज्ञानको क्षेत्र निरन्तर रूपमा विकसित भइरहने गर्दछन् । विकसित ज्ञान सिद्धान्तका आधारमा चेतनाको स्तर माथि उठाउन र वर्गसङ्घर्षमा विजय हासिल गर्नका लागि निरन्तर अध्ययन र प्रशिक्षणको आवश्यकता पर्दछ । पार्टीका परिवर्तित नीति तथा कार्यक्रमहरूका सन्दर्भमा पार्टी पङ्क्तिलाई निरन्तर अद्यावधिक गरिरहनु पर्दछ । यसका लागि मार्क्सवादी-लेनिनवादी शिक्षाको आधारभूत ज्ञानको पनि आवश्यकता पर्दछ। पार्टीमा प्रवेश गर्ने नयाँ सदस्यहरूका सन्दर्भमा त्यस प्रकारको ज्ञानका लागि प्रशिक्षणको अनिवार्य आवश्यकता पर्दछ । यसका लागि व्यवस्थित पार्टी स्कूलको व्यवस्था गरी पार्टीले पाठ्यक्रम समेत निर्धारण गर्ने र समय-समयमा प्रशिक्षण कार्यक्रम संचालन गर्दै आएको छ । आगामी दिनमा स्थायी पार्टी स्कूल सञ्चालन गर्ने र पार्टीको पूर्ण सदस्यता प्राप्त गर्न तथा पार्टी कमिटीहरूमा चयन हुनका लागि पार्टी स्कूलको निर्धारित तह पूरा गरेको हुनुपर्ने मापदण्ड अवलम्बन गर्नु पर्दछ । सबै तहका नेता तथा कार्यकर्ता प्रत्येक बर्ष निश्चित समय निर्धारित तहको पार्टी स्कूलमा सामेल हुनुपर्ने व्यवस्था गरिनुपर्दछ ।

२. **नीति निर्माणको मञ्चका रूपमा महाधिवेशनको व्यवस्थापन**

पार्टीको राष्ट्रिय महाधिवेशन र मातहत कमिटीका अधिवेशनहरू विशेष अवस्थामा बाहेक नियमित रूपमै आयोजना भइरहे तापनि तिनीहरूलाई नीति र नेतृत्व निर्माणको वास्तविक थलो बनाउने कुरामा कतिपय समस्याहरू रहेका छन् । एकातिर विचारको छलफलको नाममा पार्टीमा अस्वस्थ प्रतिस्पर्धा पैदा हुने र त्यसले पार्टीमा विभाजन समेत निम्त्याउने तीतो अनुभव छ भने अर्कोतिर पार्टी विभाजनको अनुमानित आशङ्कामा विचारको छलफललाई अनावश्यक नियन्त्रण गर्ने जस्ता प्रवृत्तिहरू पनि

*सिङ्गो विश्वजस्तै नेपाली समाज तीव्र परिवर्तन र विकासको प्रक्रियाबाट अगाडि बढिरहेको छ । सामाजिक सम्बन्ध, वर्गीय संरचना, शोषण र उत्पीडनका स्वरूप, राज्य र गैर राज्य क्षेत्रको भूमिका, मानवीय सम्बन्ध र मूल्यहरू, पारिवारिक र जनसाङ्ख्यिक सम्बन्धहरू सबैमा तीव्र फेरबदल आइरहेको छ ।*

छन् । यसले महाधिवेशनलाई नै नीति निर्माणको वास्तविक थलो बनाउने कुरामा समस्या पैदा हुने गरेको छ । महाधिवेशन/अधिवेशनलाई नेतृत्व निर्माणको वास्तविक थलो बनाउने कुरामा पनि समस्याहरू देखापरेका छन् । एकातिर महाधिवेशन पूर्व नै नेतृत्वको सम्बन्धमा अपारदर्शी योजनाहरू बनाउने, पदीय हैसियतको उपयोग गर्दै त्यसलाई प्रभावित गर्ने र अर्कातिर कमिटीमा प्राविधिक बहुमतको आधारमा नेतृत्व परिवर्तनको निम्ति निरन्तर चलखेल गरिरहने जस्ता समस्याहरू देखापरेका छन् । महाधिवेशनहरू नीति र नेतृत्वका लागि निर्णय गर्ने वास्तविक थलो बनुन्, तिनलाई अनावश्यक नियन्त्रण गर्ने र पार्टी सदस्यहरूको सार्वभौमसत्ता कुण्ठित गर्ने काम नहोस् तथा त्यसबाट नीति र नेतृत्वको निर्धारण भएपछि तिनीहरूको कार्यान्वयनको प्रत्याभूति होस्, तिनमा सामान्य प्राविधिक कारणले फेरबदल या अस्थिरता पैदा गर्ने काम नहोस् भन्ने ढङ्गले नीतिगत व्यवस्था गर्नु जरुरी छ । नवौं राष्ट्रिय महाधिवेशनको सन्दर्भमा प्राप्त अनुभव समेतका आधारमा आगामी दिनमा पार्टी सदस्यता नवीकरण र महाधिवेशनका प्रतिनिधि छनौटका सन्दर्भमा अझ स्पष्ट व्यवस्था गरिनेछ र त्यसलाई निर्देशिकामै उल्लेख गरिनेछ ।

महाधिवेशनका निर्णयहरूलाई कार्यकर्ता र जनताको बीचमा स्थापित गर्ने काम सम्पन्न नगरिँदै त्यसकै विपक्षमा सार्वजनिक रूपमा बहस सञ्चालन गरिने परिपाटीले पार्टीमा अराजकताको स्थिति सिर्जना गर्दछ । महाधिवेशनका समयमा समाधान नभएका विषयहरूका सन्दर्भमा आन्तरिक रूपमा छलफलको विषय बनाउने कुरासम्म उपयुक्त नै हुन्छ । तर पार्टीका स्थापित नीतिहरूप्रति नै अनास्था र अविश्वास पैदा गर्ने गरी सार्वजनिक बहस सञ्चालन गर्ने कुरा उपयुक्त हुँदैन । यस्ता कुरामा पार्टी सचेत हुनु पर्दछ । हाम्रो पार्टीले महाधिवेशनको समयमा खुला छलफल र बहसको

नीति अवलम्बन गर्दै आएको छ र आफ्ना अलग विचारहरू पार्टीमा छलफलको लागि माग भएको अवस्थामा त्यो अवसर पनि पार्टीले प्रदान गर्दै आएको छ । अन्तरपार्टी जनवादको सन्दर्भमा थप नयाँ विधि र प्रक्रियाको आवश्यकता भए त्यसमा पनि छलफल गरी निश्कर्षमा पुग्न सकिन्छ । तर पार्टीका नीति र निर्णयहरूका पक्षमा सिङ्गो पार्टीपङ्क्ति सार्वजनिकरूपमा भने एकताबद्ध रूपमा प्रस्तुत हुने परिपाटीको विकास गरिनु पर्दछ । पछिल्लो समय पार्टीका महाधिवेशन र जनसङ्गठनका अधिवेशन⁄ सम्मेलनहरू नेतृत्व निर्माणका प्रश्नमा केन्द्रित हुन लागेको स्थिति र तत्काल यसलाई अन्त्य गर्न संभव पनि नभएको परिप्रेक्ष्यमा पार्टीमा पनि विधि निर्माणका लागि छुट्टै विधान महाधिवेशनको आयोजना गर्नु र जनसङ्गठनहरूमा पनि यस अभ्यासलाई आम रूपमा स्थापित गर्दै लैजानु आवश्यक देखिएको छ ।

### ३. सिर्जनात्मक चेतको विकास

सिङ्गो विश्वजस्तै नेपाली समाज तीव्र परिवर्तन र विकासको प्रक्रियाबाट अगाडि बढिरहेको छ। सामाजिक सम्बन्ध, वर्गीय संरचना, शोषण र उत्पीडनका स्वरूप, राज्य र गैर राज्य क्षेत्रको भूमिका, मानवीय सम्बन्ध र मूल्यहरू, पारिवारिक र जनसाङ्ख्यिक सम्बन्धहरू सबैमा तीव्र फेरबदल आइरहेको छ । यही समाजमा क्रियाशील र समाज परिवर्तनको अभियानमा लक्ष्यमा सङ्लग्न हाम्रो पार्टी यी परिवर्तनहरूबाट अप्रभावित, निरपेक्ष या अछूतो रहन सक्दैन । यी परिवर्तनले हाम्रो आन्दोलनका थुप्रै नारा, दिशा र स्वरूपमा समेत परिवर्तनको माग गर्छन् । हामीले सिङ्गो पार्टी पङ्क्तिलाई मुक्त दिमाग र आग्रहरहित दृष्टिकोणका आधारमा परिवर्तनलाई हेर्न, बुझ्न र तदनुरूप आफूलाई रूपान्तरित गर्न सक्ने गरी सिर्जनात्मक चेतले युक्त बनाउनु पर्छ। पार्टीका स्थापित या निर्णित बिषयको कार्यान्वयनको प्रत्याभूति गर्दै नयाँ तथ्य, तर्क र बिश्लेषण अगाडि सार्ने कुरामा पार्टी पङ्क्तिलाई उत्प्रेरित गर्नुपर्छ। एउटा जीवन्त पार्टीमा विचारधारात्मक तथा नीतिगत विषयहरूमा बहस हुनु, त्यस दौरानमा फरक मतहरू देखापर्नु स्वाभाविक हो। पार्टीमा फरक मतप्रति सहिष्णु बन्ने, तिनको बारेमा छलफल गर्ने वातावरण निर्माण गर्ने, फरक मत राखेकै कारण कसैले पार्टीमा अपमानित या उपेक्षित भएको अनुभूति गर्नु नपर्ने कुरा सुनिश्चित गर्ने र स्वस्थ छलफल तथा उपयुक्त विधिद्वारा निर्णय भइसकेपछि निर्णय कार्यान्वयनको प्रत्याभूति होस् भन्ने कुरामा ध्यान दिनु जरुरी देखिएको छ ।

*पार्टीमा पछिल्लो केही समययता विधानको पालना, निर्णय प्रक्रियामा संस्थागत पद्धतिको अवलम्बन र कार्यान्वयनमा विधिको परिपालनामा समस्या देखिन थालेका छन् । आफ्नो अनुकूल निर्णय हुने स्थिति नभएमा बैठक नै आयोजना नगर्ने, निर्णय गर्दा बैठकको संस्थागत पद्धतिको पालना नहुने र आफू अनुकूल नलागेका ...*

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा विचारधारात्मक सङ्घर्ष र वर्गसङ्घर्षका सीमा रेखाहरू बारम्बार उल्लङ्घन भएका, समस्या समाधानका गुणात्मक रूपमै फरक विधिहरू एक-आपसमा छ्यासमिस भएका, पार्टीका कतिपय महत्वपूर्ण पदाधिकारीहरूमाथि अन्यायपूर्ण कारबाही भएका, पार्टी एकता बिखण्डित भएका तथा आन्दोलनले ठूलो क्षति बेहोर्नु परेका उदाहरणहरू प्रशस्त छन् । यसबाट उपयुक्त शिक्षा लिनु जरुरी देखिएको छ ।

**४. पार्टी सदस्यतामा बिस्तार तथा गुणस्तर वृद्धि**

पार्टीमा आबद्ध हुन चाहने व्यक्तिहरूलाई पार्टी सदस्यतामार्फत् समेट्न सकियोस् र निश्चित अवधिसम्म त्यस प्रक्रियामा परीक्षित भएपछि मात्रै सम्बन्धित व्यक्तिले सङ्गठित सदस्यता प्राप्त गरुन् भन्ने प्रयोजनका लागि व्यवस्था गरिएको पार्टी सदस्यताको व्यवस्था प्रभावकारी हुन नसकिइरहेको परिप्रेक्ष्यमा हामीले लामो समयदेखि अभ्यास गर्दै आएको दुई खालको सदस्यतामा पुनःविचार गर्नुपर्ने अवस्था सिर्जना भएको छ । पार्टीले विभिन्न वर्ग या समुदायका बीचमा जनसङ्गठनहरू निर्माण गर्दै आएको र तिनलाई पार्टीका घोषित सङ्गठनका रूपमा मोर्चा सङ्गठनमा आबद्ध गरिसकेको सन्दर्भमा अब जनसङ्गठनहरूलाई नै पार्टी प्रवेशको औपचारिक द्वार र पार्टी सदस्यताको निम्ति पूर्व तयारीको मञ्चका रूपमा स्थापित गर्नुपर्छ । निश्चित अवधि जनसङ्गठनमा क्रियाशील भएका र आवश्यक मापदण्ड पूरा गरेका व्यक्तिहरूलाई पार्टीको क्रमशः परीक्षणकालीन सदस्य र पार्टी सदस्यको रूपमा विकास गर्ने विधि अवलम्बन गर्नुपर्छ र दुई खाले सदस्यताको प्रावधान स्थगित गर्नुपर्छ । सङ्गठित सदस्यता प्राप्त गर्ने विधिलाई अझ व्यवस्थित गर्न सम्बन्धित शाखा कमिटीले आवेदन लिने, (इलाका भएका ठाउँमा इलाका कमिटी र) निर्वाचन क्षेत्रीय कमिटीले सिफारिस गर्ने, जिल्ला

कमिटीले सदस्यताको निर्णय गर्ने, अञ्चल समन्वय कमिटीले अनुमोदन गर्ने र केन्द्रीय सङ्गठन विभागले अभिलिखित गरेर सदस्यता नम्बर प्रदान गरेपछि कार्यान्वयन हुने गरी अझ व्यवस्थित गर्नुपर्छ। यो समग्र प्रक्रियालाई नियमावलीमार्फत् निश्चित समयसीमामा बाँध्नुपर्छ र आवेदन दिइसकेपछि निजलाई परीक्षणकालीन सदस्यको रूपमा पार्टी स्कूलमा सहभागी बनाउने व्यवस्था गर्नुपर्छ। पार्टीको वर्तमान सङ्गठित सदस्यता उत्साहजनक भए पनि यसलाई अझ बिस्तार गर्न र सङ्गठित सदस्यहरूको वैचारिक-साङ्गठनिक स्तर अभिबृद्धिका लागि योजनाबद्ध अभियान अगाडि बढाउनुपर्छ।

सदस्यता नवीकरणका सन्दर्भमा देखिएका कतिपय बिकृति बिसङ्गतिहरूलाई हटाउन आगामी दिनमा सदस्य स्वयम् सम्बन्धित स्थानमा उपस्थित भएर आफ्नो सदस्यता नवीकरण गर्नुपर्ने प्रणाली स्थापित गरिनु पर्दछ।

## ५. पार्टी सङ्गठनको विधिसम्मत सञ्चालन

हाम्रो पार्टी जस्तो वैचारिक रूपले स्पष्ट, सङ्गठनात्मक हिसाबले चुस्त र आन्तरिक लोकतन्त्रका निम्ति स्थापित पार्टीमा पछिल्लो केही समययता विधानको पालना, निर्णय प्रक्रियामा संस्थागत पद्धतिको अवलम्बन र कार्यान्वयनमा विधिको परिपालनामा समस्या देखिन थालेका छन्। आफ्नो अनुकूल निर्णय हुने स्थिति नभएमा बैठक नै आयोजना नगर्ने, निर्णय गर्दा बैठकको संस्थागत पद्धतिको पालना नहुने र आफू अनुकूल नलागेका निर्णय कार्यान्वयनमा आनाकानी गर्ने जस्ता समस्या देखिएका छन्। हाम्रो जस्तो पार्टीमा सबै निर्णयहरू सधैंभरि सबैका लागि स्वीकार्य या अनुकूल नै हुन्छन् भन्ने हुँदैन। तर जस्तोसुकै भए पनि निर्णय प्रक्रियामा संस्थागत पद्धतिको पालना र कार्यान्वयनमा तत्परता आवश्यक पर्छ। महाधिवेशन/अधिवेशन/बैठकहरू समयमा आयोजना गर्ने, पर्याप्त छलफल गरेर पारदर्शी ढङ्गले निर्णय गर्ने, मन परे पनि नपरे पनि निर्णयको प्रभावकारी कार्यान्वयन गर्ने र उपयुक्त समयमा त्यसको समीक्षा गर्ने तरिकाले मात्रै पार्टीलाई सही ढङ्गले सञ्चालन गर्न सकिन्छ।

आगामी दिनमा कमिटीको आकार सम्भव भएसम्म कम गर्दै जाने र कार्यकर्ताको व्यवस्थापनका लागि नयाँ नयाँ कामको क्षेत्र विस्तार गर्ने नीति

*'जहाँ उत्पीडन र विभेदः त्यहाँ पार्टीको अनिवार्य उपस्थिति र प्रतिरोध' को मान्यताका आधारमा पार्टीलाई सामाजिक-सांस्कृतिक रूपान्तरणको मुख्य संबाहक बनाइनुपर्छ ।*

लिनु आवश्यक छ । यति गर्दा पनि कमिटीको आकार भूमिगत कालको जस्तो छरितो बनाउने कुरा सम्भव र उचित पनि हुँदैन । यस्तो स्थितिमा बैठकलाई व्यवस्थित नगर्ने हो भन्ने पार्टीको अधिकांश उर्जा र समय बैठकको व्यवस्थापनमै खर्च हुनेछ । तसर्थ बैठक पूर्व नै एजेण्डा र प्रस्तावका बारेमा सदस्यहरूलाई सूचित गर्ने, थप एजेण्डा राख्न चाहने सदस्यले बैठक पूर्व नै त्यसबारे जानकारी गराउनु पर्ने, बैठकमा प्रस्तावहरू लिखित रूपमा र निर्णयार्थ प्रस्तुत गर्ने र छोटो तथा प्रभावकारी विधिबाट बैठक समापन गर्ने विधि अवलम्बन गर्नुपर्छ । पार्टीले लिनु पर्ने नयाँ नीति या बहसका नयाँ प्रश्नमा भने छुट्टै विशेष बैठकको आयोजना गर्न सकिन्छ । बैठक सञ्चालन सम्बन्धी व्यवस्थित विधि र आचारसंहिता तयार गरेर त्यसकै आधारमा परिचालित हुने व्यवस्था गरिनुपर्छ ।

## ६. नयाँ प्रविधिमा अभ्यस्त पार्टी पङ्क्तिको विकास

यस अवधिमा विज्ञान र प्रविधिको विकासले ज्ञान प्राप्तिका नयाँ-नयाँ माध्यमहरू विकसित भएका छन् । सूचना र प्रविधिको क्षेत्रमा यस अवधिमा उल्लेख्य प्रगति भएको छ । 'आजको दिन त इतिहास हुँदैछ, भोलीका लागि हामी आउँदै छौं' भन्ने मान्यता सूचना प्रविधिका क्षेत्रमा स्थापित छ । इन्टरनेट प्रविधिको विकासले सिङ्गो विश्व नै एकै ठाउँ जोडिन पुगेको छ । साधनको उपलब्धता हुने हो भने हिँड्दाहिँड्दै पनि आफूलाई आवश्यक सूचना वा ज्ञान पाउन सकिने अवस्था सिर्जना भएको छ । तर यस्तो अवस्थामा हाम्रा पार्टी कार्यालयहरू अझै इन्टरनेट सञ्जालमा जोडिन सकेका छैनन् । पार्टीको वेभसाइटलाई व्यवस्थित गर्ने प्रक्रिया सुरु भएको छ । यसै अवधिमा पार्टीको केन्द्रीय पुस्तकालयलाई समेत डिजिटलाईट गर्ने प्रक्रिया आरम्भ गरिएको छ । अब पार्टीका पुराना दस्तावेजहरू अनलाइनमार्फत हेर्न पाउने

स्थिति तयार भएको छ । केन्द्रमा जस्तै पार्टीका जिल्ला कार्यालयहरूमा पनि आफ्नै पुस्तकालय निर्माणको कामलाई अघि वढाउनु पर्दछ । अब पार्टी केन्द्र र जिल्ला पार्टी कार्यालयहरूलाई इन्टरनेट सञ्जालमा जोड्ने काम अविलम्ब गरिनु पर्दछ । अब पार्टीका सबै नेता र कार्यकर्ताहरू आधुनिक प्रविधिसँग परिचित र अभ्यस्त हुनु आवश्यक छ । यसका लागि पार्टीको तर्फवाट विशेष तालिमको व्यवस्था समेत गरिनु पर्दछ ।

## ७. पार्टी पङ्क्तिलाई उत्पादनसँग आबद्ध र सामाजिक–आर्थिक रूपान्तरणका अग्रणीका रूपमा स्थापित गर्ने

आजसम्म हाम्रो समग्र सङ्गठनात्मक ढाँचा र यसको कार्यशैली आन्दोलनको आवश्यकताले माग गरे अनुरूपको रह्यो । कार्यकर्ताहरूको मूल्याङ्कन पद्धति पनि त्यसै माथि आधारित रहँदै आयो । क्रान्तिका राजनीतिक आयामलाई संस्थागत गर्दै सामाजिक आर्थिक रूपान्तरणमा नेतृत्व गर्ने बिषय मुख्य अभिभारा बनिरहेको वर्तमान परिप्रेक्ष्यमा अब हाम्रा सङ्गठनहरूको मुख्य चरित्र त्यही कार्यदिशालाई संबाहन गर्न सक्ने दिशामा रूपान्तरित हुनुपर्छ । पार्टी कमिटी र जनसङ्गठनहरूको बैठकको कार्यसूचीमा आफ्नो क्षेत्रमा रूपान्तरणको त्यो अभिभारालाई कसरी बहन गर्ने र कसरी त्यसमा श्रेष्ठता हासिल गर्ने भन्ने बिषय अनिवार्यरूपमा पर्नु पर्छ । *'जहाँ उत्पीडन र विभेदः त्यहाँ पार्टीको अनिवार्य उपस्थिति र प्रतिरोध'* को मान्यताका आधारमा पार्टीलाई सामाजिक-सांस्कृतिक रूपान्तरणको मुख्य संबाहक बनाइनुपर्छ । अब शिक्षक सङ्गठनको मुख्य ध्यान कसरी गुणस्तरीय शिक्षा प्रदान गर्ने भन्ने कुरामा, विद्यार्थी आन्दोलनको मुख्य बिषय शिक्षालाई आम नागरिकको मौलिक हकका रूपमा स्थापित गर्ने र आजका विद्यार्थीलाई सबै क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने गरी कसरी हुर्काउने भन्ने कुरामा, किसान महासङ्घको ध्यान भूमिसुधार, कृषिको व्यवसायिक रूपान्तरण र कृषि क्रान्तिको अगुवाई गर्ने कुरामा र महिला सङ्घको कार्यसूची महिलामाथिको विभेदको अन्त्य तथा महिला सशक्तीकरणमा दृष्टान्त बन्ने हिसाबले पुनःपरिभाषित गरिनुपर्छ, परिभाषित भइसकेको छ भने प्रभावकारी कार्यान्वयनमा जानु पर्छ । त्यसरी नै युवा सङ्घ आम युवाहरूलाई सिर्जनात्मकता, उत्पादनसँग आबद्धता र प्रशिक्षणमार्फत् राष्ट्र निर्माणको मुख्य संबाहक बन्ने कुराको अभियन्ताका रूपमा स्थापित हुनुपर्छ । परिभाषित पूर्णकालीन कार्यकर्ता बाहेक अन्य सबै कार्यकर्ताले आफूलाई श्रम र उत्पादनसँग जोड्नुपर्छ र

*सार्वजनिक ओहदामा पुगेका व्यक्तिको एउटा गल्तिले उसको राजनीतिक जीवन र सिङ्गो पार्टीको जीवनमा गंभीर नकारात्मक असर पुग्न सक्छ । त्यसमाथि प्रतिस्पर्धाको राजनीतिलाई राजनीतिक कार्यदिशाकै अङ्गका रूपमा ग्रहण गरेको क्रान्तिकारी पार्टीका लागि जीवनशैली र आचरणको विषय अत्यन्त संवेदनशील र गंभीर विषय हो ।*

आफू स्वावलम्बी बन्दै पार्टी र राज्यलाई समेत समृद्ध बनाउन सहयोग पुऱ्याउनुपर्छ । वैधानिक, कानुनसम्मत र समाजलाई सहज लाग्ने पेशा-व्यवसाय र उत्पादनमा सङ्लग्न हुने, पारदर्शी बन्ने र राज्यलाई कर तिर्ने कुरामा पार्टी कार्यकर्ता नमूना बन्नु पर्छ । राजनीतिलाई पेशा होइन, सेवाको रूपमा स्थापित गर्ने बिषयमा ध्यान पुऱ्याउनु पर्छ ।

**८. जनसङगठनबीच समन्वय**

पार्टीका घोषित जनसङ्गठनबीच समन्वय र सहकार्यका लागि हामीले मोर्चा सङ्गठनको अवधारणा विकास गरेका छौं । वर्गीय संयुक्त मोर्चाका रूपमा विकसित हुँदै गरेको यस अवधारणाले सकारात्मक परिणाम ल्याइरहेको भए पनि यसलाई अझ प्रभावकारी बनाउन जरुरी छ । केन्द्रमा मोर्चा सङ्गठनको गठनले जनसङ्गठनको परिचालनमा सहजता समेत आएको छ । तर स्थानीय तहमा भने मोर्चा सङ्गठनको अभ्यासमा एकरूपता कायम हुन सकेको छैन । कतिपय अञ्चल र जिल्लाले मोर्चा सङ्गठन गठनगरी त्यस क्षेत्रको कामलाई व्यवस्थित गर्ने कोशिस गरेका छन् भने कतिपयले त्यसको महत्वलाई गहिरो गरी आत्मसात् गर्न सकेको स्थिति छैन । अहिलेसम्मको अनुभवका आधारमा जिल्लातहसम्म मोर्चा सङ्गठनको अवधारणालाई अभ्यासमा ल्याउनु पर्दछ । यसले पार्टी र जनसङ्गठन दुबैको काममा सकारात्मक योगदान पुग्ने निश्चित छ । यसमार्फत् जनसङ्गठनहरूलाई आ-आफ्नो क्षेत्रका वास्तविक नेताको रूपमा स्थापित गर्न वैचारिक-राजनीतिक र सङ्गठनात्मक पहलकदमीलाई अझ बृद्धि गर्न जरुरी छ ।

आधारभूत क्षेत्रसँग आबद्ध जनसङ्गठनहरू र विषयगत क्षेत्रका जनसङ्गठनहरूका बीचको काममा भिन्नता रहनु र तिनीहरूले आन्दोलनमा दिनसक्ने योगदानमा अन्तर देखिनु स्वाभाविक नै हो । तर पार्टीसम्बद्ध

जनसङ्गठनलाई मान्यता दिएकै आधारमा तिनीहरूले समान हैसियतको माग गर्ने र पार्टीले पनि कामको प्रकृतिका आधारमा फरक मूल्याङ्कन गर्न नसक्ने कुराले आधारभूत तहका जनसङ्गठनहरू निरुत्साहित हुने अवस्था छ । पार्टीगत मान्यता पाएकै आधारमा आधारभूत जनसङ्गठनहरू र विषयगत जनसङ्गठनहरूलाई एउटै डालोमा राखेर मूल्याङ्कन गर्ने कुरा उचित होइन। जनसङ्गठनहरूको कामको प्रकृतिका आधारमा तिनीहरूको मूल्याङ्कन गर्ने परिपाटीको विकास गरिनु पर्दछ। पार्टी र राजनीतिक तथा वर्गीय आन्दोलनको विकासमा महत्वपूर्ण भूमिका खेलेका र खेल्न सक्ने जनसङ्गठनहरूलाई विशेष महत्व र प्रोत्साहन दिनु पर्दछ। जनसङ्गठनहरूले समेट्ने वर्ग र समुदाय उपस्थिति, तिनीहरूको बीचमा सङ्गठनको प्रभाव, सङ्गठनमा आबद्ध सदस्य र कमिटीको सङ्ख्या तथा आन्दोलनमा त्यसको परिचालनको अवस्था समेतका आधारमा जन तथा वर्गीय सङ्गठनको वर्गिकरण गर्नु उपयुक्त हुन्छ। त्यसलाई आधारभूत तथा लक्षित समुदाय र क्षेत्रको कामलाई अघि बढाउने महत्वपूर्ण योगदान पुग्नेछ ।

यतिबेला पार्टीसम्बद्ध दुईवटा ट्रेड युनियन नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) र पेशागत महासंघ, नेपाल क्रियाशील भइरहेका छन् । अन्तर्राष्ट्रिय प्रचलन र अभ्यासका दृष्टिले यो नौलो प्रयोग हो। नेपाली समाज पूँजीवादी समाजमा सङ्क्रमण गरिरहेको अवस्थामा एकीकृत ट्रेड युनियन आन्दोलनको आवश्यकता बढेर जाने सच्चाइलाई अस्वीकार गर्न सकिँदैन । त्यस्तो अवस्थामा अलग-अलग रूपमा दुई ट्र्डयुनियन संचालन गर्नुको साटो एउटै ट्रेड युनियन संचालन गर्ने नीति अवलम्बन गर्नुपर्दछ। पार्टीसम्बद्ध दुई अलग ट्रेड युनियनहरूका बीचको नियमित रूपमा संयोजन गर्नु आवश्यक छ। संयोजनको अभावमा त्यसक्षेत्रको काम समेत प्रभावित हुने र नीतिगत अराजकताको स्थिति सिर्जना हुन सक्दछ। त्यस्तो हुन नदिनका लागि आगामी दिनमा पार्टीले दुई महासङ्घबीच संयोजन गर्ने विशेष नीति अख्तियार गर्नुपर्नेछ ।

पार्टीको आठौं महाधिवेशनबाट पार्टी सम्बद्ध जनसङ्गठनहरूमा 'पार्टी फ्याक्सन' गठन नगर्ने र सिधै सञ्चालन गर्ने नीति अवलम्बन गरिए पछि कतिपय सरोकारवाला सङ्गठनहरूमा समेत फ्याक्सन बनाउन छोडिएको अवस्था छ। यसले त्यस्ता सङ्गठन र कामका क्षेत्रहरूमा पार्टीको प्रभाव र

*जुनसुकै ओहदा या पृष्ठभूमिको नेता कार्यकर्ताले पनि जनताले औंला ठड्याउने खालको, उसको खर्चको स्रोतमाथि प्रश्न उठ्दा सार्वजनिक रूपमा जवाफ दिन नसक्ने खालको र पार्टीप्रति श्रमजीवी वर्गको आस्थामा गिरावट आउने खालको जीवनशैली अपनाउनु हुँदैन ।*

पकड केही कमजोर हुने अवस्था छ । यतिबेला पार्टीमा पुराना र अनुभवी कार्यकर्ताको ठूलो पंक्ति तयार भइरहेको परिप्रेक्ष्यमा कामका नयाँ क्षेत्रहरू पहिचान गरी परिचालन गर्नुपर्ने अवस्था छ । त्यसमाथि विगतदेखि नै पार्टीको प्रत्यक्ष वा परोक्ष सम्पर्कमा रहेका त्यस्ता सङ्गठन र संस्थाहरूसँगको पार्टीको सम्बन्धलाई नयाँ शिराबाट व्यवस्थित गर्न ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ । तीमध्ये कतिपय सङ्गठनहरूका पार्टीले प्रत्यक्ष नेतृत्व प्रदान गर्ने नीति लिनुपर्ने आवश्यकता छ भने कतिपयमा पार्टीका कार्यकर्ताहरूलाई विशेष जिम्मेवारी दिएर खटाउनु पर्दछ । आगामी दिनमा पार्टीले अवलम्बन गर्ने राजनीतिक कार्यदिशा विशेषगरी सामाजिक-आर्थिक विकास र रूपान्तरणमा योगदान दिनसक्ने गरी सङ्गठनात्मक कामलाई पुनःव्यवस्थित गर्नुपर्दछ । त्यसका लागि पार्टीको ध्यान नपुगेका वा सङ्गठनात्मक संरचनामा नसमेटिएका तर राजनीतिक उद्देश्यमा सहयोग पुग्ने हरेक क्षेत्रमा पार्टीको नेतृत्वकारी भूमिका स्थापित गर्ने गरी पार्टी शक्तिको बिन्यास गर्ने नीति लिनु आवश्यक छ ।

## ९. सरल जीवनशैली:असल आचरणको विकास

भूमिगत राजनीतिक जीवनमा पार्टीका नेता र कार्यकर्ताले गरेका कमजोरीका विषयहरू मूलतः पार्टीका आन्तरिक विषय बन्दथे । सार्वजनिक रूपमा त्यसको प्रभाव खासै हुँदैनथ्यो । त्यस्तो अवस्थामा गल्ति गर्ने व्यक्तिले आफूलाई सुधार्न चाहेको स्थितिमा सुध्रने पर्याप्त अवसर र वातावरण पाउन सक्दथ्यो । तर खुला राजनीति र सार्वजनिक जिम्मेवारीमा पुगिसकेको व्यक्तिले त्यस प्रकारको अवसर पाउनु निकै कठिन कुरा हो । सार्वजनिक जीवनमा नेता र कार्यकर्ताको जीवनशैली र आचरणको विषय निजी विषय मात्रै हुन सक्तैन । त्यो हरदम सार्वजनिक सरोकारको विषय बनिरहेको हुन्छ । सार्वजनिक ओहदामा पुगेका व्यक्तिको एउटा गल्तिले उसको

राजनीतिक जीवन र सिङ्गो पार्टीको जीवनमा गंभीर नकारात्मक असर पुग्न सक्छ । त्यसमाथि प्रतिस्पर्धाको राजनीतिलाई राजनीतिक कार्यदिशाकै अङ्गका रूपमा ग्रहण गरेको क्रान्तिकारी पार्टीका लागि जीवनशैली र आचरणको विषय अत्यन्त संवेदनशील र गंभीर विषय हो । यो विषय पार्टीको राजनीतिक कार्यदिशासँग जोडिएको अत्यन्त महत्वको विषय हो । त्यसैले अब जीवनशैली र आचरणमा रहेका बिसङ्गतिहरूलाई हटाउन पार्टीले विशेष ध्यान दिनैपर्छ । निरपेक्ष समानताको माग गर्न सकिँदैन र त्यो संभव पनि छैन । पारिवारिक र अन्य पृष्ठभूमि, काम र जिम्मेवारीको आवश्यकता तथा व्यक्तिको स्वभावजन्य कारणले पनि पार्टी नेता-कार्यकर्ताको जीवनशैलीमा एउटा सीमासम्म भिन्नता स्वाभाविकै हो । तर त्यो सीमा पार्टीभित्र छुट्टै वर्ग जन्मिइरहेको अनुभूति हुने गरी र पार्टीको सार्वजनिक छवि धुमिल हुने गरी बढ्न दिनु हुँदैन । त्यसैले जुनसुकै ओहदा या पृष्ठभूमिको नेता कार्यकर्ताले पनि जनताले औंला ठड्याउने खालको, उसको खर्चको स्रोतमाथि प्रश्न उठ्दा सार्वजनिक रूपमा जवाफ दिन नसक्ने खालको र पार्टीप्रति श्रमजीवी वर्गको आस्थामा गिरावट आउने खालको जीवनशैली अपनाउनु हुँदैन । वैधानिक स्रोत हुने र खर्च गर्ने सामर्थ्य राख्ने पार्टीका नेता/कार्यकर्ताले पनि समाजमा नकारात्मक दृष्टान्त प्रस्तुत हुने र प्रचलित कानुनको बर्खिलाफ हुने गरी तडकभडकपूर्ण जीवनशैली अपनाउनु हुँदैन । उनीहरू सार्वजनिक आचरणमा अनुकरणीय बन्ने कुरामा सचेत हुनैपर्छ । पार्टीका नेता कार्यकर्ताले पार्टीको विधानलाई मात्रै होइन, राज्यको कानुनलाई पनि पालना गर्नुपर्छ । यस सम्बन्धमा पार्टीमा जीवनदेखि मृत्युसम्मका संस्कार र क्रियाकलापमा सम्बन्धमा एउटा आचारसंहिता निर्माण गरेर लागू गरिनेछ । कुनै व्यक्ति विशेषको निजी जीवनसँग जोडिएका प्रश्नको जवाफदेही सम्बन्धित व्यक्तिमै निहित हुन्छ र आवश्यक पर्दा पार्टीले कुनै सुनुवाइको माध्यमबाट त्यसलाई स्पष्ट पार्न निर्देशित गर्न सक्छ । केन्द्रीय अनुशासन आयोगले पार्टी नेता-कार्यकर्ताहरूको सम्पत्ति विवरण अद्यावधिक गर्ने गरेको छ । तर सार्वजनिक नभएका कारण त्यसको प्रभावकारिता स्थापित भएको छैन । अब आयोगले आवधिक रूपमा त्यस्तो विवरण सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्छ ।

**१०. पार्टी जीवनको लोकतान्त्रिकरणलाई अझ उन्नत बनाउने बिषय**

पार्टी जीवनको लोकतान्त्रिकरण जनताको बहुदलीय जनवादको अभिन्न र अविभाज्य अङ्ग हो । शान्तिपूर्ण माध्यमबाट समाज परिवर्तन गर्ने र लोकतान्त्रिक

*हाम्रो सङ्गठनात्मक ढाँचा पिरामिड जस्तो होइन, मादल जस्तो बन्दै गएको छ । नयाँ पुस्ताको आगमन तुलनात्मक कम र पाका पुराना कमरेडहरूको केन्द्रमा सङ्केन्द्रणका कारण पार्टीको बीचको संरचनामा अत्यधिक ठूलो सङ्ख्या केन्द्रित हुने स्थिति बनेको छ ।*

विधिबाट जनवादी र समाजवादी व्यवस्था सञ्चालन गर्ने हाम्रो राजनीतिक अभिभारासँग तादात्म्य राख्न हामीलाई युद्धकालीन/क्रान्तिकालीन/भूमिगतकालीन होइन, आम जनताको मन जित्नसक्ने सङ्गठनात्मक ढाँचा आवश्यक पर्छ भन्ने कुराले यो अवधारणा निर्माण भएको हो । पार्टी जीवनको लोकतान्त्रिकरण एउटा समग्र अवधारणा हो, जसले पार्टीलाई क्रान्ति सम्पन्न गर्न र जनवाद तथा समाजवाद निर्माण गर्न सक्षम अग्रणी दस्ताको रूपमा स्थापित गर्न सघाउँछ । क्रान्तिकारी लक्ष्यसँग नगाँसिएको लोकतान्त्रिकरणले पार्टीलाई बुर्जुवाकरण गर्छ । बुर्जुवाहरूको तुलनामा हाम्रो आन्तरिक प्रतिस्पर्धा दुई कुराले भिन्न छ-पहिलो, यसले प्रतिस्पर्धापछि निषेध होइन, अझ उन्नत एकताको माग गर्छ । दोस्रो, यो हाम्रो क्रान्तिकारी लक्ष्यसँग आबद्ध भएर सञ्चालित हुन्छ ।

पार्टी जीवनको लोकतान्त्रिकरणको अनुभवलाई संश्लेषण गर्दा हाम्रो प्रतिस्पर्धा राम्रो काम र भूमिका सम्पादनका लागि गरिएको रचनात्मक प्रतिस्पर्धा हो । प्रतिस्पर्धा जित्नेले सबै लिने र हार्नेले बाहिरिने दुई पार्टीबीचको प्रतिस्पर्धा जस्तो होइन, यसलाई एकता-प्रतिस्पर्धा र अझ उन्नत स्तरको एकताको विधि हो भन्ने कुरामा स्पष्ट पार्नु पर्छ । यसका लागि सकभर सहमति, नभए व्यक्तिगत प्रतिस्पर्धा र प्रतिस्पर्धापछि परिणामलाई स्वीकार्ने र पराजित पक्षलाई समेट्ने ठोस कार्यविधि आवश्यक भएको छ ।

नीति र नेतृत्वको अधिवेशन अलग गर्ने र अधिवेशनको औपचारिक फोरमको आयोजना हुनु पूर्व नै उम्मेदवारी दर्ता गर्ने परिपाटीको विकास गरेर पनि निर्वाचनको समयमा हुने अनावश्यक ध्रुवीकरणलाई एकहदसम्म कम गर्न सकिन्छ । निर्वाचनको समयमा उत्पन्न हुने कतिपय समस्याहरू निर्वाचन आयोगको वैधानिक व्यवस्थावाट पनि कम भएको अवस्था छ ।

आगामी दिनमा निर्वाचन आयोगको भूमिकालाई अझै व्यवस्थित गर्न सकिएको अवस्थामा पनि त्यसमा एकहदसम्म सुधार गर्न सकिने छ । यसका साथै निर्वाचनलाई व्यवस्थित गर्नका लागि निर्वाचन निर्देशिका जारी गर्ने र निर्वाचनका समयमा निर्वाचन आचारसंहिता जारी गरी कडाइका साथ लागूगर्ने नीति अवलम्बन गरिनु पर्दछ ।

## ११. नेतृत्व निर्माण र हस्तान्तरण

यतिबेला हाम्रो सङ्गठनात्मक ढाँचा पिरामिड जस्तो होइन, मादल जस्तो बन्दै गएको छ । नयाँ पुस्ताको आगमन तुलनात्मक कम र पाका पुराना कमरेडहरूको केन्द्रमा सङ्केन्द्रणका कारण पार्टीको बीचको संरचनामा अत्यधिक ठूलो सङ्ख्या केन्द्रित हुने स्थिति बनेको छ । पाका पुराना कमरेडहरूको क्षमतालाई अधिकतम सदुपयोग गर्दै नयाँको विकासको सहज ढोका नखोल्ने हो भने ठूलो पुस्तान्तरको समस्या पैदा हुने, क्षमता भएका दोस्रो र तेस्रो पुस्ताका धेरै नेताहरूले परीक्षित हुने अवसर नै नपाई बिदा हुनु पर्ने र पार्टी समयको माग अनुसार गतिशील हुन नसक्ने स्थिति रहेको यथार्थलाई हामी सबैले आत्मसात गर्नैपर्छ । यही कुरालाई ध्यानमा राखेर हिंजो हामीले मुख्य कार्यकारी पदमा दुई कार्यकालको व्यवस्था गरेका थियौं । यसलाई थप विकास गर्दै अबदेखि सबै पदाधिकारीमा पनि लागू गरिनेछ । यो व्यवस्था पार्टीका घोषित जनसङ्गठनहरूमा पनि क्रमशः लागू गर्दै लगिनेछ । साथै नेतृत्वको उमेरको सीमा पनि निर्धारित गरिनेछ । यी सबै प्रावधानले नेतृत्व हस्तान्तरणमा सकारात्मक योगदान गर्नेछन् । त्यसरी नै, संसदीय/सार्वजनिक जिम्मेवारीमा पनि कार्यकालको सीमा तोक्नु आवश्यक भएको छ । कमिटीमा प्रौढ, अधवैंशे र युवाहरूको अनुपात मिलाउने कुरालाई पनि हामीले विधानमा संशोधनको व्यवस्था गरिरहँदा ध्यान पुऱ्याउनु जरुरी छ ।

## १२. जनसम्बन्धको बिस्तार र जनअभिमतको आवधिक सङ्कलन

पार्टीको शक्तिको स्रोत आम जनता नै हुन् । त्यसैले पार्टीले आम जनतासँगको सम्बन्ध बिस्तारलाई निरन्तर जोड दिइरहनुपर्छ । यतिबेला पार्टी कामको प्रकृति र कामको मुख्य क्षेत्र संविधानसभा/संसदमा केन्द्रित भएका कारण जनतासँगको सम्बन्ध पातलो, औपचारिक र कमजोर बन्दै गएको छ । यस स्थितिलाई अन्त्य गर्नैपर्छ । त्यसरी नै, पार्टीको नीति र नेतृत्वका

*पार्टी सरकारमा भएको बेला पार्टीको भूमिका प्रभावकारी बनाउन संसदीय दलले निरन्तर रचनात्मक भूमिका खेल्नुपर्छ भने प्रतिपक्षमा भएको बेला सरकारलाई निगरानी र दबाब दिंदै, वैकल्पिक नीतिहरू प्रस्तुत गर्दै आगामी निर्वाचनमा पार्टीलाई सरकारमा पुग्ने वातावरणको निर्माण गर्नुपर्छ ।*

बारेमा जनताबाट आवधिक सुझाव लिने निश्चित संयन्त्रको विकास पनि आवश्यक छ। यसका लागि सामाजिक सञ्जालहरूको प्रयोग, खुल्ला बहस, सार्वजनिक सुझाव सङ्कलन, सार्वजनिक सुनुवाई, 'नेता-कार्यकर्ता जनतासँग' आदि अभियान सञ्चालन गर्नु पर्दछ ।

१३. **पहिचान आधारित सङ्गठनहरूको व्यवस्थापन**

विभिन्न जातीय समुदायबीच सामुदायिक सङ्गठन खोल्ने विगतमा अवलम्बन गरिएको त्यस प्रकारको नीति र निर्णयका बारेमा पनि यतिबेला यथोचित समीक्षा गर्नु जरुरी छ। यतिबेला सामाजिक क्षेत्रमा कुनै पनि प्रकारको समस्या नै नभए जस्तो गरी त्यस क्षेत्रको कामलाई उपेक्षा गर्ने गल्ती पनि गर्नु हुँदैन । अर्कोतिर वर्गीय आन्दोलनलाई नै प्रतिकूल असर पर्ने गरी जातीय तथा क्षेत्रीय सङ्गठनहरू संचालन हुने स्थिति आउन दिनु हुँदैन । जनताको बहुदलीय जनवादले अवलम्बन गरेको जाति, भाषा, धर्म, संस्कृतिसम्बन्धी नीतिका आधारमा र सामाजिक समस्याको प्रकृति हेरी समाधानमा सकारात्मक योगदान पुग्ने र वर्गीय आन्दोलनमा समेत सघाउ पुग्ने गरी त्यस्ता सङ्गठनहरूलाई संचालन गर्ने नीति लिनु पर्दछ । राज्यको पुनसंरचनासम्बन्धी पार्टीको नीतिगत अवधारणासँग मेल नखाने किसिमका जातीय र क्षेत्रीय सङ्गठन निर्माण र संचालन हुने स्थितिको भने अन्त्य गरिनु पर्दछ ।

१४. **प्रवासको पार्टी कामको व्यवस्थापन–** नेपालीहरू उच्च शिक्षा, रोजगारी र अवसरको खोजीमा प्रवासिने क्रम तीव्र भएसँगै प्रवासी नेपालीहरूबीच कामका संभावनाहरू एकदमै बढेर गएका छन् । यसै क्रममा हामीले भारत प्रवासका अलावा अमेरिका, युरोप, खाडी क्षेत्र र एसिया-प्रशान्त क्षेत्रमा विभिन्न मुलुकहरूमा प्रवासी नेपालीहरूका सङ्गठनहरूमार्फत् सङ्गठन

बिस्तार गरिरहेका छौं । पार्टीको प्रभाव विस्तार, स्वदेशमा हुने आन्दोलन-अभियानका पक्षमा वातावरण निर्माण र पार्टीका लागि आर्थिक-भौतिक सहयोगका लागि पनि यी क्षेत्रको कामको ठूलो महत्व छ । आगामी दिनमा संभाव्य सबै मुलुकमा सकभर एकैखालका प्रवासी नेपाली मञ्चहरूको निर्माण र विस्तार गर्ने, तिनलाई प्रवासी नेपाली श्रमिक आन्दोलनको बृहत्तर दायरामा समेट्ने र तिनको बीचमा समन्वय कायम गर्ने हिसाबले योजना बनाएर कार्यान्वयन गरिनु पर्छ ।

१५. **संसदीय क्षेत्र र स्थानीय निकायको कामको प्रभावकारिता–** परिवर्तित सन्दर्भमा संसदीय क्षेत्रको भूमिका र प्रभाव झनै बढ्दै गएको छ । पार्टी कामको एउटा मुख्य क्षेत्र र सङ्घर्षको मुख्य स्वरूप बनेको परिप्रेक्ष्यमा संसदीय क्षेत्रको कामलाई प्रभावकारी र व्यवस्थित बनाउन पार्टीको विशेष ध्यान पुग्नु जरुरी छ । जनताबाट निर्वाचित जनप्रतिनिधिहरूले पार्टीका नीति र कार्यक्रमको मार्गदर्शनमा रही स्वतन्त्र पहलकदमी समेत लिएर प्रभावशाली भूमिका खेल्न सकुन् भनेर निरन्तर प्रशिक्षण र अभिमुखीकरण गरिरहनु पर्छ । पार्टी सरकारमा भएको बेला पार्टीको भूमिका प्रभावकारी बनाउन संसदीय दलले निरन्तर रचनात्मक भूमिका खेल्नुपर्छ भने प्रतिपक्षमा भएको बेला सरकारलाई निगरानी र दबाब दिँदै, वैकल्पिक नीतिहरू प्रस्तुत गर्दै आगामी निर्वाचनमा पार्टीलाई सरकारमा पुग्ने वातावरणको निर्माण गर्नुपर्छ । पार्टीको नीतिगत निर्देशन र संसदीय दलको विधानका आधारमा संसदीय दल र सांसदहरूलाई परिचालन गर्ने कुरामा विशेष ध्यान दिनु पर्छ ।

त्यसरी नै, स्थानीय निकायमा प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूसँग समन्वय गर्न, उनीहरूलाई निरन्तर पार्टी दृष्टिकोणबाट प्रशिक्षित गर्न र उनीहरूको क्षमता अभिबृद्धि गर्न विशेष संयन्त्रहरू निर्माण गर्नुपर्छ ।

## (ज) निष्कर्ष

राजतन्त्र अन्त्य भएर मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको, संविधान निर्माणमार्फत् जनक्रान्तिका उपलब्धि संस्थागत गर्दै सामाजिक-आर्थिक रूपान्तरणको दिशामा अगाडि बढ्ने आधार निर्माण भएको र यी अभिभारा नेकपा (एमाले) को नेतृत्व र जनताको बहुदलीय जनवादको मार्गदर्शनमा मात्रै

*हामीले विगतदेखि नै वर्गसङ्घर्षको स्तर, राजनीतिक कार्यदिशा र तात्कालिक कार्यनीतिका आधारमा पार्टी निर्माण र सङ्गठन सञ्चालनमा मौलिकता र गतिशीलता अवलम्बन गर्दै आएका छौं । यसैले हरेक प्रतिकूलताको बीचमा पनि आफूलाई जनताको बीचमा स्थापित गर्दै आउन पार्टी सफल भएको छ ।*

संभव हुने सच्चाइ पुष्टि भइसकेको सन्दर्भमा माथि अगाडि सारिएका सङ्गठनात्मक प्रस्तावहरू पार्टीलाई ती अभिभारा पूरा गर्न सक्षम तुल्याउने उद्देश्यमा केन्द्रित छन् । उपरोक्त प्रस्तावहरूको प्रभावकारी कार्यान्वयनबाट हाम्रो पार्टी नयाँ अभिभारा पूरा गर्नसक्ने गरी वैचारिक रूपले स्पष्ट र सङ्गठनात्मक रूपले चुस्त-दुरुस्त बन्न सक्नेछ । हामीले विगतदेखि नै वर्गसङ्घर्षको स्तर, राजनीतिक कार्यदिशा र तात्कालिक कार्यनीतिका आधारमा पार्टी निर्माण र सङ्गठन सञ्चालनमा मौलिकता र गतिशीलता अवलम्बन गर्दै आएका छौं । यसैले हरेक प्रतिकूलताको बीचमा पनि आफूलाई जनताको बीचमा स्थापित गर्दै आउन पार्टी सफल भएको छ ।

यतिबेला मुलुक युगान्तकारी राजनीतिक परिवर्तनबाट गुज्रिएको र त्यत्तिकै युगान्तकारी सामाजिक-आर्थिक अभिभारा पार्टीसामु उपस्थित भइरहेको पृष्ठभूमिमा हामीले फेरि एकपल्ट सङ्गठनात्मक जीवन र पार्टी निर्माणको क्षेत्रमा नयाँ गतिशीलता र सिर्जनात्मकताका साथ अगाडि बढ्नु र पार्टी सङ्गठनलाई परिवर्तित राजनीतिक कार्यदिशाअनुरूप रूपान्तरित र पुनःगठित गर्नु आवश्यक भएको छ । लोकतान्त्रिक आन्दोलनको लामो इतिहासमा आफूलाई अब्बल र अग्रणी प्रमाणित गर्न सफल पार्टीलाई अब हामीले सामाजिक-आर्थिक रूपान्तरण र समृद्ध नेपाल निर्माणको अग्रणी शक्ति र अभियन्ताका रूपमा स्थापित गर्नु पर्नेछ । उल्लिखित बिषयहरूले पार्टीलाई यही दिशामा मार्गदर्शन गर्नेछन् ।

**ईश्वर पोखरेल**
महासचिव